# वार्षिक प्रगति पुस्तिका

## आ.व. २०७६/७७



नेपाल सरकार

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाडौं

**संरक्षकः**
श्री केदार बहादुर अधिकारी, सचिव

**सम्पादन मण्डलः**
श्री कमल प्रसाद भट्टराई, सह-सचिव
श्री प्रल्हाद प्रसाद पुडासैनी, उप-सचिव
श्री प्रेम गुरागाई, उप-स्वकीय सचिव
श्री प्रतिभा राई, शाखा अधिकृत
श्री कमल भट्टराई, शाखा अधिकृत
श्री होमनाथ काफ्ले, शाखा अधिकृत

**भाषा सम्पादनः**
प्रा. जगत प्रसाद उपाध्याय
श्री उज्जल पहाडी

**फोटोः**
श्री राम कृष्ण महर्जन
सम्बन्धित निकायका वेभसाईटहरू र सामाजिक सञ्जालहरूबाट

**डिजाईनः**
TechMedia House, नयाँ वानेश्वर

**मुद्रणः**

१००० प्रति, श्रावण २०७७

सर्वाधिकारः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या:
च. नं.:

योगेश भट्टराई
मन्त्री

# मन्तव्य

नेपाली जनताको वलिदान, इतिहासका विभिन्न समयमा भएका जनक्रान्ति, जनआन्दोलन जनयुद्ध एवं सामुदायिक तथा पेशागत आन्दोलनसमेतको जगमा नेपाली जनताद्वारा निर्वाचित संविधानसभामार्फत लोकतन्त्रका सम्पूर्ण राष्ट्रिय-अन्तर्राष्ट्रिय सिद्धान्तहरु, मूल्य-मान्यता, प्रचलन र अभ्यासलाई आत्मसात गरि समावेशी संघीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्थासहित नयाँ संविधान जारी गरियो । सरकार गठन भए संगै पुराना विसंगतिहरूलाई सच्याउदै नयाँ आर्थिक एवं सामाजिक सम्बृद्धिको मार्ग निर्माण गर्ने जिम्मेवारी पनि यहि सरकारलाई प्राप्त भयो । यहि यथार्थलाई आत्मसात गर्दै वर्तमान सरकार "सम्बृद्ध नेपाल सुखी नेपालीको"को आकांक्षालाई साकार पार्ने गरि अगाडी बढिरहेको छ ।

मलाई यो मन्त्रालयको जिम्मेवारी एक विशिष्ट परिस्थितिमा प्राप्त भयो । पूर्व मन्त्री एवं मेरा सहकर्मी मित्र स्व. रवीन्द्र अधिकारीको असामयिक निधनपश्चात् यस मन्त्रालय छ महिना नेतृत्वविहीन रहन गयो । यहि परिदृष्यमा २०७६ साउन १५ गते मन्त्रीकारूपमा म यस मन्त्रालयमा जिम्मेवारी सम्हाल्न आइपुगें ।

विद्यार्थी राजनीति र राष्ट्रिय राजनीतिमा लामो समय सक्रिय रहेपनि संसदीय राजनीति र मन्त्री पद मेरा लागि नौलो जिम्मेवारी हुन् । मन्त्रीकारूपमा मलाई नयाँ जिम्मेवारी प्रदान गर्नु भएकोमा सम्माननीय प्रधानमन्त्रीज्यू एवं पार्टीका आदरणीय नेताज्यूहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । संसदीय राजनीतिका विषयवस्तु र मन्त्रालयको कामकार्वाही बुझ्न केहि समय लाग्नु स्वाभाविक थियो । छ महिनासम्म नेतृत्वविहीन रहेको मन्त्रालयलाई गति दिनु उत्तिकै चुनौतिपूर्ण हुनुका साथै विशेष अवसर पनि थियो ।

मुलुकको कूल गार्हस्थ उत्पादनमा करिव २.५ प्रतिशत योगदान् गर्दै आएको नेपाली पर्यटन क्षेत्रले विदेशी मुद्रा आर्जन, रोजगारी सृजना, र ग्रामीण तथा सिमान्तकृत समुदायलाई आर्थिक मूलधारमा ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ, यद्यपी Tourism Satellite Account (TSA) को अभावमा यसको योगदान एकिन गर्न कठिन छ । त्यसर्थ TSA को कार्यलाई अन्तर्राष्ट्रिय साझेदार संस्थाहरूको सहकार्यमा प्राथमिकताका साथ अगाडी बढाइको छ । पन्ध्रौं पञ्चवर्षीय योजना, दीगो विकासको लक्ष्य तथा सरकारको नीति तथा कार्यक्रमले निर्दिष्ट गरेबमोजिम विदेशी पर्यटकको संख्यामा बृद्धि, पर्यटकको नेपाल बसाइ लम्ब्याउने, प्रति पर्यटक प्रति दिनको खर्चमा बढोत्तरी गर्ने तथा आन्तरिक पर्यटनको विकास गर्ने उद्देश्यका साथ नेपाल सरकार र यो मन्त्रालयले कार्य गरिरहेको छ । बर्तमान सरकार गठन भएसंगै नीजि क्षेत्र निकै उत्साहित भएको थियो भने राष्ट्रिय अन्तर्राष्ट्रिय लगानी भित्रिने वातावरण बनेको थियो । अन्तर्राष्ट्रियस्तरका होटलहरु खुल्ने क्रम जारी थियो र अन्तर्राष्ट्रिय समुदायमा नेपालको पर्यटनको छवी निकै राम्रो भएको थियो, अहिले पनि छ ।

नेपाल सरकारले सन् २०२०लाई नेपाल भ्रमण वर्ष (Visit Nepal Year) का रूपमा मनाउने निर्णय गरेकाले उक्त अभियानलाई सफल बनाउनका लागि विभिन्न कार्यक्रमहरूको तयारी र कार्यान्वयन गरियो । त्यसै बमोजिम २०२० जनवरी १ मा देशको राजधानी काठमाण्डौं र सबै प्रादेशीक राजधानीहरूमा एकैसाथ भ्रमण वर्ष उद्घाटन गरियो भने जनवरीको पहिलो हप्ताभित्र विदेशमा रहेका नेपाली दूतावास र गैरआवासीय नेपाली संघहरूको सहकार्य तथा समन्वयमा भ्रमण वर्ष उद्घाटनका कार्यहरु सम्पन्न भए । छिमेकी राष्ट्र लगायत विभिन्न मित्रराष्ट्रहरूवाट आमन्त्रित पर्यटन मन्त्रीहरूसमेतको उपस्थितिमा सम्माननीय राष्ट्रपतिज्यूवाट

फोन नं.: +९७७-१-४२११८७९ (कार्यालय), फ्याक्स : +९७७-१-४२११७५८, इमेल : yogesh.bhattarai@nepal.gov.np, वेवसाइट : www.tourism.gov.np

उद्घाटन भएको समारोहका अलावा International Tourism Ministerial Conclave को समेत आयोजना गरिएको थियो ।

भ्रमण वर्षका कार्यक्रमले गति लिदै गर्दा, दुर्भाग्यवस, कोभिड १९ महामारीले विश्व नै आक्रान्त हुन थाल्यो । पर्यटन तथा उड्डयन क्षेत्र यस महामारीको सबैभन्दा ठूलो शिकार बन्ने अवस्था आयो । नेपालमा पनि महामारीको असर बढ्न थालेपछि २०७६ चैत्र ११ गते देखि मुलुक लकडाउनमा जान बाध्य भयो । उत्साहका साथ शुरू भएको नेपालको पर्यटन क्षेत्र एवं गतिविधीहरु ठप्प हुन पुगे, र भ्रमण वर्षका सबै कार्यक्रम स्थगित गर्नु पर्ने वाध्यता हाम्रो सामु रह्यो ।

यस्तो विषम् परिस्थितिका बीच यस मन्त्रालयले गरेका केहि प्रतिनिधिमूलक कार्यक्रमहरुमध्ये राष्ट्रिय गौरवका योजनाहरुमा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको प्रगति ९१% र पोखरा क्षेत्रिय अन्तर्राष्ट्रिय विमानस्थलको प्रगति ६१% हासिल गर्नुका साथै लुम्बिनी गुरुयोजना र पशुपति क्षेत्रका कार्यहरु सुचारु गऱ्यो । यी सबै कार्यक्रमहरुमा कोभिडको कारणले केहि विलम्व भए पनि निर्धारित समयसीमा भित्र नै सम्पन्न हुने गरि प्रगति भएको छ । भुकम्पबाट क्षतिग्रस्त पुरातात्विक सम्पदाहरुको पुनर्निमाण कार्य तिव्रस्तरमा अगाडी बढाइएको छ भने आगामी दुई वर्ष भित्र सम्पूर्ण सम्पदाहरुको पुनर्निर्माण सम्पन्न हुने लक्ष्य लिइएको छ । हालसम्म मुलुकको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई बुटिक एअरपोर्टकोरुपमा स्तरोन्नति एवं रूपान्तरण गरिने कार्य अन्तिम चरणमा पुगेको छ । तीस बर्षदेखि थाँती रहेको धावनमार्ग (TIA Runway) मा तिन सय मिटर थपिनुका साथै यसको Rehabilitation गर्ने कार्य निर्धारित समयसीमा भन्दा १०८ दिन अगावै सम्पन्न भएको छ । लुम्बिनी परिसरभित्र पाँच हजार व्यक्ति अट्ने अन्तर्राष्ट्रिय ध्यान केन्द्र निर्माणको कार्य सम्पन्न हुने चरणमा छ भने Electric Vehicle Charging Station को निर्माण कार्य सम्पन्न भइसकेको छ । त्यसैगरि पर्यटन सम्बद्ध शैक्षिक जनशक्ति उत्पादन गर्ने सरकारी संस्था नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानलाई पहिलो पटक उपत्यका बाहिर बाँके, महोत्तरी र झापामा शाखा बिस्तार गर्ने योजना अघि बढेको छ । पर्यटन तथा उड्डयन क्षेत्रमा सुधार ल्याउनका लागि नयाँ पर्यटन ऐन तथा अन्तर्राष्ट्रिय रुपमै चासो रहेको नागरिक उड्डयन प्राधिकरण ऐन लगायतका अन्य थुप्रै महत्वपूर्ण नियम, कानुन, निर्देशिका तर्जूमाका कार्यहरु सम्पन्न भएका छन् । कोभिड १९ को महामारीले थलिएको पर्यटन क्षेत्र र उड्डन क्षेत्रलाई भरथेक गर्नका लागि केहि आर्थिक प्याकेजहरु ल्याइएको छ भने रोजगारी सृजनाका कार्यक्रमहरु अगाडि बढाइएको छ । राष्ट्रिय अर्थतन्त्र निर्माण एवं गतिशिलता, रोजगारी सृजना तथा सरकारले आत्मसात गरेको "सुखी नेपाली सम्बृद्ध नेपालको" आकांक्षालाई साकार रुप दिन यो मन्त्रालयले महत्वपूर्ण भूमिका खेल्दै नीजि क्षेत्रसंग परिपूरक रहि कार्य गर्दै आएको छ ।

यो मन्त्रालय, मातहत एवं सम्बद्ध निकायहरुबाट सम्पन्न भए गरेका र हुने सबै कार्यका लागि मन्त्रालयका सचिव, सम्बन्धित विभागीय प्रमुखहरु तथा सम्बद्ध कर्मचारीहरुको अहम् भूमिका रहेको छ । वहाँहरु विशेष धन्यवादका पात्र हुनुहुन्छ । समन्वयात्मक पहलबाट नै यो मन्त्रालयमा निर्दिष्ट लक्ष्य अनुसारका कार्यहरु सम्पन्न हुन सम्भव भएको हो । मलाई यो अवसर प्रदान गर्नु भएकोमा सम्माननीय प्रधानमन्त्रीज्यू, तथा विगत बर्षदिन भित्र प्राप्त भएको साथ र सहयोगकालागि पार्टीका नेताहरु, माननीयज्यूहरु, राजनीतिक अग्रज, कर्मचारी, नीजिक्षेत्रका व्यवसायी, सरोकारवाला, सञ्चारकर्मी, अन्तर्राष्ट्रिय साझेदार संस्था, कुटनीतिक नियोग, आम सर्वसाधारणप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तर साथ र सहयोगको अपेक्षा गर्दछु । साथै, यो पुस्तिका तयार पार्न सहयोग गर्नु हुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत पुस्तिकाबाट आ.व. २०७६/७७मा यो मन्त्रालय अन्तर्गत भएका प्रगतिहरुको बारेमा सबैलाई जानकारी हुने छ । यहाँहरु सबैको रचनात्मक सुझावको अपेक्षा गरेको छु ।

२०७७/०४/३२ — योगेश भट्टराई

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्याः-
च.नं.

# मन्तव्य

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट आ.व. २०७६/०७७ मा सम्पन्न गरेका प्रमुख उपलब्धीहरू समावेश गरी यो पुस्तिका प्रकाशन गर्न पाउँदा खुसी लागेको छ । यस पुस्तकमा यस मन्त्रालय र अन्तर्गतका निकायहरूको वार्षिक नीति तथा कार्यक्रम एवम १५ औं पञ्च वर्षीय योजनामा निर्दिष्ट उद्देश्य नीति तथा कार्यक्रम अनुरूप सम्पन्न भएका कामहरूलाई तथ्याङ्क सहित मुख्य-मुख्य उपलब्धीहरूलाई समावेश गरिएको छ । पर्यटन प्रर्वद्धन, पुरातत्व एवम संस्कृति संरक्षण र नागरिक उड्डयनको समग्र विकास गर्ने जिम्मेवारी यस मन्त्रालयमा रहेको छ। यिनै क्षेत्रको समग्र विकास एवम व्यवस्थापन गरेर मन्त्रालयले आफ्नो भूमिका प्रभावकारी बनाउदै आएको छ ।

आ.व.२०७६/०७७ मा पर्यटन प्रर्वद्धन तर्फ पर्यटन पूर्वाधारको विकास, पर्यटन प्रर्वद्धन, भ्रमण वर्ष २०२० जस्ता केही महत्वपूर्ण कामहरूको शुरूवात भएको थियो । संस्कृति र पुरातत्वतर्फ सम्पदाहरूको पुनःनिर्माण, सांस्कृतिक सम्पदाको संरक्षण एवं प्रवर्द्धन लगायत महत्वपूर्ण कार्यहरू भएका छन् । नागरिक उड्डयनतर्फ विमानस्थल सेवा विस्तारमा थप प्रगति हासिल भएको छ । त्रिभुवन विमानस्थलको धावन मार्ग, Terminal Building का साथै त्यसको सौन्दर्यीकरण र सुधारका काम भएका छन् । गौतम वुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य लगभग अन्तिम चरणमा पुगेको छ । पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको प्रगति सन्तोषजनक छ । निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्बन्धी प्रक्रियालाई टुङ्गाउन मन्त्रालय अहोरात्र खटेको छ । लुम्बिनी क्षेत्र र पशुपति क्षेत्रमा पनि गुरू योजना अनुरूपको सम्पदा निर्माण संरक्षणको काम व्यवस्थित गर्ने कार्यहरू भइरहेका छन् । सन् २०१९ को डिसेम्वरदेखि शुरू भएको कोभिड-१९ को विश्वव्यापी महामारी यस क्षेत्रमा सबै भन्दा ठूलो असर पारेको छ । जसका कारण यस वर्ष लक्षित मुख्य-मुख्य कार्यहरू प्रभावित हुन पुगेका छन् । खासगरी सन् २०२० मा बीस लाख पर्यटक पुर्‍याउने लक्ष्यसहित शुरू गरिएको भ्रमण वर्ष २०२० को भव्य उद्घाटन पश्चातको केही समयपछि सोही कारण भ्रमण वर्षका सबै कार्यक्रम स्थगित हुन पुग्यो । तसर्थ, यस वर्षको लक्ष्य तथा कार्यक्रमको कार्य प्रगतिमा आशातित् उपलब्धी हासिल हुन सकेन । तथापी संकटको समयबीच प्राप्त उपलब्धीलाई पनि सन्तोषजनक नै मान्नुपर्ने हुन्छ ।

अन्त्यमा, यस मन्त्रालय र अन्तर्गतका निकायहरूमा कार्यक्रमलाई उपलब्धिमुलक बनाउन आ-आफ्नो क्षेत्रबाट योगदान दिनुहुने मन्त्रालय र मातहत निकायका सम्पूर्ण कर्मचारीहरू साथै यस पुस्तिका प्रकाशन गर्न मेहनत गर्नु हुने सम्पूर्ण टोलीलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यस मन्त्रालयको काममा निरन्तर निर्देशन, सहयोग र सहजिकरणका लागि माननीय मन्त्रीज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

केदारबहादुर अधिकारी
सचिव

# विषय सूची


**आ.व. ०७६/७७ प्रगति साराशं** १
**पृष्ठभूमि** ३
**क्षेत्रगत प्रगति विवरण** ६

**संस्कृति क्षेत्र** ६
- पुरातत्त्व विभाग ८
- पशुपति क्षेत्र विकास कोष १२
- लुम्बिनी विकास कोष १६
- भाषा आयोग २१
- राष्ट्रिय अभिलेखालय २३
- प्रज्ञा-प्रतिष्ठान/संस्थान
  - नेपाल प्रज्ञा-प्रतिष्ठान २६
  - नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान २९
  - नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान ३०
  - सांस्कृतिक संस्थान ३२
- राष्ट्रिय तथा प्रादेशिक प्रतिभा पुरस्कार ३३
- विकास समितिहरू ३७

**पर्यटन क्षेत्र** ४३
- पर्यटन पूर्वाधार ४६
- नेपाल पर्यटन बोर्ड ५०
- नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान ५४
- नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान ५५
- नेपाल भ्रमण वर्ष - २०२० ५६

**नागरिक उड्डयन क्षेत्र** ६४
- गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल ६८
- पोखरा अन्तर्राष्ट्रिय विमानस्थल ७०
- निजगढ अन्तर्राष्ट्रिय विमानस्थल ७२
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल ७४
- अन्य विमानस्थल निर्माण तथा स्तरोन्नति ८०
- हवाई उड्डयन सुरक्षा ८०
- एयर नेभिगेसन प्रणाली ८१
- अन्तर्राष्ट्रिय सम्बन्ध ८१
- हवाई यातायात ८२
- नेपाल वायु सेवा निगम ८३
- नागरिक उड्डयन सम्बन्धी नीतिगत सुधार ८७

**सुशासन तथा नीतिगत सुधार** ८८
**कोभिड १९ प्रकोपका कारण पर्यटन क्षेत्रमा परेको असर** ९०
**आर्थिक वर्ष २०७६/७७ मा पुँजीगत खर्च लक्ष्य अनुसार हुन नसक्नुका मूख्य कारणहरू** ९५
**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन क्षेत्रका चुनौतिहरू** ९६

# आ.व. ०७६/७७ को प्रगति सारांश

यस मन्त्रालयले आ.व. ०७६/७७ मा संस्कृति, पर्यटन र नागरिक उड्डयनका क्षेत्रमा केही महत्वपूर्ण कार्यहरू सम्पन्न गरेको छ । मन्त्रालयको तर्फबाट नीतिगत सुधार र सुशासनमा गहन कार्यहरू भएका छन । अन्तर्गत निकायबाट संस्कृति संरक्षण तथा प्रवर्धन, पर्यटकीय पूर्वाधार निर्माण, सम्पदा पुनर्निर्माण, पर्यटकीय गतिविधी व्यवस्थापन, हवाई सेवा तथा हवाई पूर्वाधारको विकासका कार्यहरू सम्पन्न भएका छन् । कोभिड १९ को विश्वव्यापी प्रकोपका कारण अपेक्षित उपलब्धी हासिल गर्न नसकिएता पनि प्राप्त उपलब्धीहरूको साराशं तल प्रस्तुत गरिएको छ ।

मन्त्रालयको तर्फबाट नयाँ कानून निर्माण तथा विद्यमान कानूनहरूको परिमार्जन सम्बन्धी कार्य भएको छ । जसअन्तर्गत महत्वपूर्ण मानिएको हवाई सेवा प्राधिकरण विधेयक, २०७७ र नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७७ संघीय संसदमा पेश भई छलफलको क्रममा रहेको छ । यसैगरी प्रतिलिपि अधिकार ऐन २०५९ र अभिलेख संरक्षण ऐन, २०४६ संशोधनका लागि संघीय संसदमा पेश भएको छ । नयाँ पर्यटन ऐनको विधेयक २०७७ तयार गरी सरोकारवाला निकायमा राय सहमतिका लागि पठाईएको छ । यस्तै पर्वतारोहण नियमावली तथा स्की नियमावली तर्जुमा गरी राय सहमतिका लागि पठाईएको छ । नयाँ हवाई नीतिको मस्यौदा सम्पन्न भएको छ भने साविकको गैह्र सैनिक हवाई उडान ऐन २०१५ लाई प्रतिस्थापन गर्न नेपाल नागरिक उड्डयन विधेयक तर्जुमा गरी सरोकारवाला मन्त्रालयको सहमतिका लागि पठाईएको छ ।

आ.व. ०७५/७६ मा कूल बजेट ३३ अर्व १३ करोड ३७ लाख रहेको थियो । आ.व. ०७६/७७ मा २१ अर्व २१ करोड ६९ लाख कूल बजेट रहेको छ । आ.व. ०७५/७६ मा ८१ प्रतिशत रहेको औषत खर्च ०७६/७७ मा भने ५९ प्रतिशत मात्र रहन गयो । वित्तिय व्यवस्थातर्फ दोश्रो अन्तर्राष्ट्रिय विमानस्थलमा ठुलो रकम विनियोजन भई खर्च हुन नसक्नु तथा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको रकम भुक्तानी हुन नसक्नुले वित्तिय व्यवस्थातर्फ कम खर्च हुन गई समग्र बजेट खर्च घटेको हो । यसका साथै कोभिड-१९ प्रकोपका कारण खर्च प्रभावित हुन पुगेको छ ।

मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदा संरक्षण सम्बन्धी कार्यहरू गरिएका छन् । थप ६४ वटा क्षतिग्रस्त सम्पदा पुनर्निर्माण सम्पन्न भई कूल सम्पदा पुनर्निर्माण सङ्ख्या ४५३ पुगेको छ । पुरातात्विक स्थल संरक्षण आयोजनामार्फत सातवटै प्रदेशमा पुरातात्विक स्थल संरक्षण सम्बन्धी कार्यहरू गरिएका छन । यस्तै विश्व सम्पदा स्थल संरक्षण आयोजना मार्फत मुस्ताङ्, तिलौराकोट र रामग्रामममा महत्वपूर्ण अध्ययनहरू सम्पन्न भएका छन् । नेपाल प्रज्ञा प्रतिष्ठानमार्फत नेपाली वृहत शब्दकोष मोवाईल एपको रूपमा निर्माण गरी सार्वजनिक गरिएको छ । प्रज्ञा प्रतिष्ठान अन्तर्गत नै थप तीनवटा नयाँ पुरस्कार हरूको स्थापना गरिएको छ । मन्त्रालयको तर्फबाट ४५ जना प्रतिभालाई राष्ट्रिय तथा प्रादेशिक प्रतिभा पुरस्कार घोषणा गरी समर्पण गरिएको छ । नारायणहिटी दरबार संग्रहलायस्थित त्रिभुवन सदनको पुनर्निर्माण सम्पन्न भएको छ ।

पर्यटन पूर्वाधार विकास आयोजना अन्तर्गत देशका विभिन्न स्थानमा पर्यटन पूर्वाधार विकासका कार्यक्रमहरू सम्पन्न भएका छन् । पुर्वदेखी पश्चिमसम्म नेपालको हिमाली क्षेत्र समेट्ने Great Himalayan Trail को थप करिव ७७ कि. मि. निर्माण भएको छ भने थप १२७ कि.मि. को विस्तृत आयोजना प्रतिवेदन तयार भएको छ । सातवटा प्रदेशमा एक-एक पर्यटन गन्तव्य निर्माण गर्ने सम्बन्धी कार्यको समग्र प्रगति करिव ८५ प्रतिशत पुगेको छ । मन्त्रालयद्वारा घोषित स्थापित तथा नयाँ विभिन्न १९२ गन्तव्यहरू मध्ये १२२ को शतप्रतिशत र ७० ओटा गन्तब्यको ५० प्रतिशत बजेट प्रदेश तथा स्थानीय तहहरूमा निकाशा भई पर्यटकीय पूर्वाधार निर्माणका कार्य भएका छन् । १०० ओटा घोषित नयाँ गन्तव्यहरूमध्ये ७० ओटाको प्रोफाईल तयार भएको छ । पर्यटनको विविधीकरण तथा साझेदारी गर्ने सम्बन्धमा सातवटै प्रदेशका उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रीहरू तथा छ ओटै महानगरपालिकाका प्रतिनिधीहरू सम्मिलित गोष्ठी सम्पन्न गरिएको छ । जसबाट **लागतमा साझेदारी: प्रतिफलमा हिस्सेदारी** अवधारणा अन्तर्गत साझेदारीमा पर्यटन पूर्वाधार विकास गर्न निर्देशिका तथा सफ्टवेयर तयार गरिएको छ ।

बीस लाख पर्यटक भित्र्याउने उद्देश्यका साथ नेपाल भ्रमण वर्ष २०२० भव्यताका साथ शुभारम्भ भएको थियो । यसको प्रवर्धनात्मक कार्यक्रमहरू विदेशस्थित कुटनैतिक नियोग तथा अन्य संस्थाहरूमार्फत समेत गरिएको थियो । विश्वका प्रमुख भाषाहरूमा वेभसाईट तयार गरी प्रचारप्रसार गर्ने, Sales Mission हरूमा सहभागिता जनाउने लगायतका कार्य समेत यस सन्दर्भमा सम्पन्न भएको थियो । तर विश्वव्यापी कोभिड प्रकोपका कारण यो अभियान स्थगित हुन पुगेको छ ।

कोभिड १९ को प्रकोप र लकडाउनका कारण विकास निर्माण कार्य प्रभावित भएता पनि राष्ट्रिय गौरवका आयोजनाहरूमा निर्माण कार्यलाई निरन्तरता दिईयो । आर्थिक वर्षको अन्तमा राष्ट्रिय गौरव आयोजनाहरूको भौतिक प्रगति क्रमशः पशुपति क्षेत्र विकास कोषको ७० प्रतिशत, लुम्बिनी विकास कोषको ९५ प्रतिशत, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको ८५ प्रतिशत, पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको ६१ प्रतिशत रहेको छ । लकडाउनका कारण निर्माण सामग्री र दक्ष जनशक्तिको आपूर्ती हुन नसक्दा निर्माणकार्य केही प्रभावित भएको थियो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको Runway, Taxiway को Rehabilitation सम्बन्धी कार्यहरू भएका छन् । यसको धावनमार्गको दक्षिणतर्फको ३०० मिटर विस्तार कार्य सम्पन्न भएको छ भने बुटिक विमानस्थलका रूपमा रूपान्तरण गर्ने कार्य तीव्ररूपमा भएको छ । यसैगरी चन्द्रगढी, भरतपुर, धनगढी लगायतका देशका अन्य विभिन्न विमानस्थलहरूको स्तरोन्नती सम्बन्धी कार्यहरू सम्पन्न भएका छन् ।

कोभिड १९ प्रकोपका कारण नेपालमा रहेमा विदेशी नागरिक/पर्यटकहरू र विदेशमा रहेका नेपालीहरूलाई उद्दार गर्ने सम्बन्धी कार्यहरू गरिएको छ । कोभिड-१९ का कारण नियमित हवाई उडान बन्द भएपश्चात विभिन्न वायुसेवाका उद्धार उडानमार्फत २०७७ श्रावण मसान्तसम्म ५०,८६० जना नेपाल भित्रिएको र १९,९२८ जना विभिन्न मुलुकमा गएका छन् । यसका साथै प्रकोप व्यवस्थापनका लागि आवश्यक पर्ने सामग्रीहरू ढुवानी सम्बन्धी कार्यमा नेपाल वायुसेवा र अन्य विमान कम्पनीहरूको उडान व्यवस्थापन कार्य गरिएको छ ।

मन्त्रालयमा विद्युतीय हाजिरीलाई पूर्णरूपमा लागु गरिएको छ । वेभसाईट तथा मोवाईल एप, डिजिटल गुनासो प्रणाली, प्रगति प्रविष्टी प्रणालीको विकास गरी विधुतीय शासनलाई प्रवर्धन गर्ने कार्य आ.व. ०७६/७७ मा भएका छन् ।



# पृष्ठभूमि

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक राष्ट्रका रूपमा विश्वमै सुपरिचित छ । हाम्रा समृद्ध मूर्त तथा अमूर्त सम्पदाहरू राष्ट्रिय एकता सबलीकरण गर्ने माध्यमका रूपमा रहेका छन् । परम्परागत संस्कृतिको जगेर्ना गरी भाषा र संस्कृतिको मौलिकतालाई अक्षुण्ण राख्दै ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्वर्धन र विकास गर्नु हाम्रो दायित्व रहेको छ ।

असल सांस्कृतिक अभ्यास, सांस्कृतिक सहिष्णुता र सहअस्तित्व मार्फत सामाजिक सद्भाव सुदृढ गर्न आवश्यक छ । "विविधतामा एकता, नेपाली समाजको विशेषता" भन्ने तथ्यलाई आत्मसात् गरी राष्ट्रिय एकता र अखण्डतालाई मजबुत बनाउनका लागि संस्कृतिको अहम् भुमिका रहेको छ । कला र साहित्यको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने श्रष्टाहरूलाई सम्मान गर्ने कार्यक्रमहरू सञ्चालन गरिएका छन ।

पर्यटन क्षेत्र नेपालको अर्थतन्त्रको विकासका लागि उच्च सम्भावना बोकेको क्षेत्र हो । अद्वितीय प्राकृतिक एवं सांस्कृतिक सम्पदा र विविधताको कारण यस क्षेत्रमा तुलनात्मक लाभ रहेको छ । खासगरी, हिमाली प्राकृतिक सुन्दरता, महत्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य तथा मौलिक सांस्कृतिक तथा पुरातात्त्विक सम्पदा नेपालको पर्यटन क्षेत्रमा प्रचुर सम्भावना बोकेका निधि हुन् । यी स्थल र सम्पदाको संरक्षण, प्रवर्धन र विविधीकरण गर्दै पर्यटकीयस्थलको रूपमा विकास गरी राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रूपमा यस क्षेत्रलाई विकसित गर्ने नीति नेपालको संविधानले अंगिकार गरेको छ । पर्यटन प्रवर्धनको माध्यमबाट रोजगारीका अवसर वृद्धि, गरिबी निवारण र जनताको जीवनस्तरमा सुधार ल्याई आर्थिक समृद्धीको लक्ष्य हासिल गर्न यस क्षेत्रको महत्वपूर्ण योगदान रहने भएकाले पर्यटन अर्थतन्त्रको प्रमुख सम्वाहक पनि हो ।

अन्तर्राष्ट्रिय तथा क्षेत्रीय यातायात आबद्धताका लागि द्रुत र भरपर्दो साधनका रूपमा हवाई यातायातलाई लिईन्छ । नेपालको विशिष्ट भू-राजनीतिक अवस्थितिका कारण विश्व बजारमा प्रत्यक्ष पहुँच कायम गर्न

हवाई सेवाको महत्वपूर्ण भूमिका रहेको छ । भौगोलिक विविधताले आन्तरिक हवाई सेवा अझ अपरिहार्य तुल्याएको अवस्था छ । सुरक्षित, विश्वसनीय र सर्वसुलभ नागरिक उड्डयन सेवाको लागि आधुनिक प्रविधियुक्त पूर्वाधार, राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगमको चुस्त व्यवस्थापन र यस क्षेत्रको प्रभावकारी नियमन अनिवार्य पक्ष हुन् ।

यस मन्त्रालयद्वारा आ.व. २०७६/७७ मा सम्पन्न गरिएका मुख्य क्रियाकलापहरू तथा कतिपय तथ्याङ्कको तुलनात्मक अध्ययन संस्कृति, पर्यटन र नागरिक उड्डयन क्षेत्रगतरूपमा यस पुस्तिकामा प्रस्तुत गरिएको छ ।

## मन्त्रालयको बजेट र खर्चको स्थिति

### मन्त्रालयको बजेट

रू. हजारमा




### बजेट खर्चको प्रगति प्रतिशत




### बेरूजु रकम

रू. हजारमा




### बेरूजु फर्स्यौट भएको प्रतिशत




* कोभिड-१९ का कारण सम्पन्नको चरणमा पुगेको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको कार्यमा प्रभाव परेको र लगानी वोर्डमार्फत लगानीको ढाँचा निर्णय हुन ढिलाई हुँदा निजगढ विमानस्थलको उल्लेख्य काम अघि बढ्न नसक्दा वित्तीय प्रगतिमा केहि ह्रास हुन पुग्यो । अन्यथा करिव ८०% वित्तीय र खर्च प्रगति हुन सक्ने अवस्था थियो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन क्षेत्रअन्तर्गत आ.व. २०७६/०७७ मा भएका प्रमुख उपलब्धिहरूलाई देहायको तालिकामा उल्लेख गरिएको छः

| क्र.सं. | कार्यक्रम तथा आयोजना | २०७५/७६ सम्मको अवस्था | २०७६/७७ को | | हालसम्मको कुल प्रगति |
|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | |
| १ | प्रति पर्यटक प्रतिदिन खर्च (अमेरिकी डलर) | ५४ | ५६ | ४८ | ४८ |
| २ | प्रति पर्यटक औसत बसाई (दिन) | १२.४ | १३ | १२.७ | १२.७ |
| ३ | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विस्तार तथा स्तरोन्नति (प्रतिशत) | ६१ | १०० | ३७ | ९८ |
| | (क) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको Runway, Taxiway को Rehabilitation कार्य | | | १०० | १०० |
| | (ख) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गको दक्षिणतर्फ ३०० मिटर विस्तार | | | १०० | १०० |
| | (ग) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवन विस्तार | | | ६५ | ६५ |
| ४. | गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल (प्रतिशत) | ७३ | १०० | १८ | ९१ |
| ५. | पोखरा अन्तर्राष्ट्रिय विमानस्थल (प्रतिशत) | ४२ | ७५ | १९ | ६१ |
| ६. | सम्पदा पुनर्निर्माण (सङ्ख्या) | ३८९ | १५० | ६४ | ४५३ |
| ७. | पर्यटक आगमन (जना) | ११,७३,०७२ (सन् २०१८) | १५.५ लाख | ११,९७,१९१ (सन् २०१९) | २.२ |
| ८. | सञ्चालनमा रहेका विमानस्थल (ओटा) | ३२ | | ३२ | ३२ |
| ९. | बर्षैभरि सञ्चालन योग्य विमानस्थल (ओटा) | ३२ | ३४ | ३ | ३५ |
| १०. | रात्रीकालीन उडान सञ्चालनमा आएका विमानस्थल (ओटा) | ७ | १ | १ | ८ |
| ११. | नेपाल आउने अन्तर्राष्ट्रिय विमान सेवा (ओटा) | २८ | | २ | ३० |
| १२. | पर्यटकस्तरका होटल (सङ्ख्या) | १२५४ | | ३५ | १२८९ |
| | (क) तारे होटल (सन् २०१९ सम्म) | | | १३८ | |
| | - बेड सङ्ख्या (सन् २०१९ सम्म) | | | १३२०० | |
| | (ख) अन्य होटल (सन् २०१९ सम्म) | | | ११५१ | |
| | - बेड सङ्ख्या (सन् २०१९ सम्म) | | | ३०७९९ | |
| १३. | निर्मित नयाँ पदमार्गको लम्बाई (GHT समेत) (कि.मी.) | २५५ | ३६८ | ७७ | ३३२ |

# क्षेत्रगत प्रगति विवरण



जानकी मन्दिर, जनकपुर





# नीति तथा मुख्य कार्यक्रमहरु

यसै वर्ष सुरू गरिएको धरहरा पुनर्निर्माण कार्य आगामी दुई वर्षभित्र सम्पन्न गरिने छ । पुरातात्त्विक सम्पदाहरूको संरक्षण हुने गरी अन्य पुनर्निर्माणका अधिकांश कार्य आगामी दुई वर्षभित्र पूरा गरिने छ ।

मुलुकको विशिष्ट संस्कृतिको संरक्षणमा ध्यान दिँदै विश्व सम्पदा सूचीमा रहेका सम्पदाहरूको संरक्षण र विकासमा विशेष जोड दिइने छ ।

लोपोन्मुख भाषा, कला र संस्कृतिको संरक्षण गरिने छ । साहित्यकार, कलाकार तथा सङ्गीतकारहरूको वृत्ति विकासमा ध्यान दिइनेछ ।

काठमाडौँ उपत्यकाभित्रको मौलिक संस्कृति, परम्परा र सङ्गीतको अवलोकन गर्न रात्रिकालीन काठमाडौँ उपत्यका सम्पदा यात्रा सञ्चालन गरिने छ ।

कीर्तिपुरस्थित जातीय सङ्ग्रहालयलाई नेपालको परम्परा, भाषा, संस्कृति, रीतिरिवाज र रहनसहन झल्काउने गरी राष्ट्रिय सांस्कृतिक सङ्ग्रहालयका रूपमा विकास गरिने छ ।

तिलौराकोट, लुम्बिनी, देवदह र रामग्राम क्षेत्रलाई समेटी बृहत् लुम्बिनी एकीकृत विकास गुरूयोजना तर्जुमा गरिने छ ।

देवघाट, जनकपुरधाम, पाथीभरा, रूरू, विराट क्षेत्र, बराह क्षेत्र, खप्तड क्षेत्र, काँक्रेविहार, हलेसी, गौरीशङ्करलगायतका धार्मिक स्थलहरूको विकासका लागि गुरू योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

आदिवासी जनजाति, अल्पसङ्ख्यक तथा दलित समुदायको परम्परागत सिप र कलाको संरक्षण र संवर्धन गरिने छ ।

# पुरातत्व विभाग

## पुरातात्त्विक स्थल संरक्षण आयोजना तर्फ सम्पन्न भएका मुख्य कार्यहरू

| | |
|---|---|
| प्रदेश नं. १ | भोजपुरस्थित वेहेरेश्वर र भद्रेश्वर मन्दिरको ९० प्रतिशत कार्य सम्पन्न |
| प्रदेश नं. २ | जनकपुरस्थित जानकी मन्दिर संरक्षण, बारा रानीवास मठ संरक्षण, धनुषाधामस्थित राम मन्दिरको संरक्षण, बारा सिम्रौनगढ क्षेत्रमा भुभौतिक सर्वेक्षण गर्ने कार्य सम्पन्न |
| वागमती प्रदेश | फर्पिङ लक्ष्मीनारायण मन्दिरमा काठको तोरण राख्ने कार्य, भक्तपुर, कटुञ्जेस्थित सुवर्णेश्वर महादेव मन्दिर संरक्षण कार्य सम्पन्न |
| गण्डकी प्रदेश | स्याङजा, मुकुन्दघाट रत्नपुरस्थित श्री मणिमुकुन्देश्वर महादेव मन्दिर संरक्षण, मुक्तीनाथ मन्दिर प्रवेशद्धारको दायाँ वायाँका सत्तल संरक्षण, पोखरा महानगरपालिका २१, निर्मलपोखरीस्थित गोपेश्वर महादेव मन्दिर तथा परिसर संरक्षण गर्ने कार्य सम्पन्न |
| ५ नं. प्रदेश | कपिलवस्तु जिल्ला दोहनी पुरातात्त्विक स्थलको सुरक्षाका लागि सुरक्षा पर्खाल लगाउने, तुल्सीपुर नगरपालिका ५ स्थित अम्विकेश्वरी मन्दिर संरक्षण गर्ने, दाङ, सैघास्थित बागेश्वरी उजादेवी मन्दिर संरक्षण गर्ने, कपिलवस्तु तिलौराकोट क्षेत्रमा अधिग्रहण गरिएको जग्गाको सुरक्षाका लागि सिमाना छुट्याई घेरावार गर्ने कार्य सम्पन्न |
| कर्णाली प्रदेश | काँक्रेविहारको पुनःनिर्माण कार्य, जुम्ला जिल्ला सिंझास्थित कनकासुन्दरी मन्दिर परिसरको सत्तल संरक्षण, नाम्खा गा.पा. १ हेप्का हुम्लाको पेमा छोईकरलिङ्ग गुम्वा संरक्षण, डोवलेख खत्याड गा.पा. ११ रिखिया मुगुभुइमाण्डु मन्दिर संरक्षण गर्ने कार्य सम्पन्न |
| सुदूर पश्चिम प्रदेश | पुर्चौडी न.पा. २ महादेवस्थान मड बैतडी दडमेता समैजी मन्दिर (देवल) संरक्षण, दोगडा केदार गा.पा. २ बैतडी अस्मिकेदार मन्दिर तथा परिसर संरक्षण, अछाम, बैद्यनाथ मन्दिर परिसर संरक्षण, बाजुरा कोल्टी चन्दननाथ मन्दिर परिसर संरक्षण गर्ने कार्य सम्पन्न |

*पुरातत्व विभाग र अन्तर्गत निकायसँगको छलफल कायक्रम*





सम्माननीय प्रधानमन्त्री के पी शर्मा ओलीज्यूबाट शुभारम्भ भएको मेरो धरहरा मै बनाउछु अभियान अन्तर्गत धरहरा पुनर्निर्माण अन्तर्गत हाल ११औं तलाको कार्य भईरहेको छ । यसको डिजाईन सहित कुल लागत करिब ३ अर्ब ४८ करोड रहेको छ । अब बन्ने धरहरा २२ तलाको हुनेछ यसमा २ वटा ELEVATORS मिनि एक्जिविसन हल, मिनि म्यूजियम, ग्रिन पार्क, म्यूजिकल फाउण्टेन, सोभिनियर सप आदी समेत रहनेछन् ।

*पुनर्निमार्ण भइरहेको धरहरा*

## विश्व सम्पदा स्थल संरक्षण आयोजना तर्फ सम्पन्न भएका मुख्य कार्यहरू

| | |
|---|---|
| संरक्षण कार्य | मुस्ताङ एक्लेभट्टी काकनिंगवास्थित Petroglyph संरक्षण गर्ने (काली गण्डकी नदीमा तटबन्ध गर्ने), मुस्ताङ जिल्लाको समरस्थित Petroglyph संरक्षण गर्ने, |
| अध्ययन अनुसन्धानका कार्यहरू | Silk Road सम्बन्धमा गरिएका अध्ययन प्रतिवेदनहरू प्रकाशित गर्दै लैजाने, Silk Road Nomination का लागि पुर्वाधार तयार गर्ने सन्दर्भमा उक्त क्षेत्रको एक Nodle Town को विस्तृत अध्ययन गरी प्रतिवेदन तयार गर्ने, विश्व सम्पदा संरक्षण एव व्यवस्थापन कार्य सम्वन्धी प्रगति तयार गरी UNESCO लगायत विभिन्न निकायमा पठाउने |

प्राचीन कपिलवस्तु तिलौराकोटमा वैज्ञानीक अनुसन्धानबाट पत्ता लागेका नीजि स्वामित्वमा रहेको पुरातात्विक क्षेत्र भएको जग्गा करिब ७० विघा अधिग्रहण गर्नु पर्ने मध्ये हालसम्म २० विघा जग्गा अधिग्रहण भईसकेको ।

## राष्ट्रिय पुनःनिर्माण प्राधिकरण (भूकम्प पछिको पुनःनिर्माण कार्यक्रम) बाट सम्पन्न भएका मुख्य कार्यहरू

| | |
|---|---|
| संरक्षण तथा पुनःनिर्माण | काठमाडौं विजेश्वरीस्थित शोभा भगवती मन्दिर पुनःनिर्माण, साँखु बज्रयोगिनी मन्दिर परिसरसरमा रहेको पद्मगिरी धर्मधातु चैत्य महाविहार, साँखु माधव नारायण द्योछें, गोकर्ण पाँडे सत्तल संरक्षण, गोकर्णस्थित तलेजु भवानीको मन्दिर पुनःनिर्माण, फर्पिङस्थित गोपालेश्वर मन्दिर पुनःनिर्माण, साँखु बज्रवाराही मन्दिर पुनःनिर्माण, बल्खुस्थित बैजन्ती पाटी पुनःनिर्माण, काठमाण्डौ जिल्ला चन्द्रागिरी न.पा. १२ बलम्बुस्थित गणेश मन्दिर पुनःनिर्माण, बुद्ध विहार जीर्णोद्वार, गोदावरी न.पा., १० बाडेगाउँ ललितपुर, बज्रबाराही देवीको आगछे पुनःनिर्माण, ललितपुर ठेचोस्थित वालकुमारी मन्दिर, बुङ्गमतीस्थित कोठेवहाल पुनःनिर्माण, गोदावरी न. पा., १० बाडेगाउँ स्थित बुद्ध विहार पुनःनिर्माण, भक्तपुर पोटरी स्क्वायरस्थित जेठा गणेश द्यौंछे पुनःनिर्माण, चाँगुनारायणस्थित भिमसेन पाटी पुनःनिर्माण, काभ्रेस्थित पलाञ्चोक भगवती द्यौंछे पुनःनिर्माण, ओखलढुंगास्थित नर्वदेश्वर सत्तल पुनःनिर्माण, नुवाकोट विदुर ४ स्थित मल्लकालिन ऐतिहासिक महत्वको बटार पाटी संरक्षण, रसुवा गोल्जुङ्ग ज्याङ्गतेर साङ्गपाल हिसे गुम्वा पुनःनिर्माण गर्ने लगायत ९० ओटा कार्य सम्पन्न । |
| अध्ययन अनुसन्धानका तालिम कार्यक्रम | सिन्धुपाल्चोक र तनहुँमा काष्ठकला, प्रस्तरकला, धातुकला, परम्परागत निर्माण कार्यमा संलग्न हुने कालिगढहरूलाइ सिपमूलक तालिम कार्यक्रम सम्पन्न, पुनःनिर्माण कार्य सञ्चालनमा रहेका र सम्पन्न भएका भूकम्पबाट क्षतिग्रस्त सम्पदाहरूको ड्रईंग डिजाईन फोटोग्राफ सहितको विवरण तयार गर्ने कार्य सम्पन्न, भूकम्पबाट क्षतिग्रस्त काठमाडौं उपत्यकाका सम्पदामा रहेका मूर्ति तथा पुरातात्विक वस्तुहरूको लगत तयार गर्ने कार्य सम्पन्न । |

*कपिलवस्तुको तिलौराकोटमा गरिएको उत्खनन्*





२०७२ सालको भुकम्पबाट क्षतिग्रस्त रानीपोखरीको पुनर्निर्माण कार्यको कुल लागत अनुमान रू.२७ करोड रहेको र हालसम्म पोखरीको कार्य र पुलको कार्य सम्पन्न भइसकेको र मुल मन्दिरको कार्य ९० प्रतिशत सम्पन्न भएको छ । रानीपोखरी बिचमा रहेको वालगोपालेश्वर मन्दिर हाल गुम्बज शैलीमा निर्माण हुँदैछ ।

*पुन:निर्माण भइरहेको रानीपोखरी*



*रामग्राम स्तुप वरिपरि गरिएको भू-भौतिक सर्वेक्षण*



*पुन:निर्माण सम्पन्न दाङस्थित अम्बिकेश्वरी मन्दिर*



*पुन:निर्माण सम्पन्न बत्तिसपुतलीस्थित राममन्दिर परिसरको सत्तल*

# पशुपति क्षेत्र विकास कोष



पशुपति मन्दिर परिसर, काठमाडौं





*सम्माननीय राष्ट्रपतिज्यूबाट शिवरात्रीको अवसरमा भएको पशुपतिनाथको दर्शन*

धार्मिक पर्यटनको एक प्रमुख गन्तव्यका रूपमा रहेको पशुपतिनाथ क्षेत्रमा गुरूयोजनाअनुसार विकासका विभिन्न कार्यहरू योजनाबद्ध रूपमा सम्पन्न हुँदै आएका छन् भने दोस्रो गुरूयोजना निर्माण कार्य अन्तिम चरणमा रहेको छ । आ.व. २०७६/७७ मा यस कोषको भौतिक प्रगति ८४ प्रतिशत र वित्तीय प्रगति ४३ प्रतिशत रहेको छ । समष्टिगत भौतिक प्रगति ७० प्रतिशत रहेको छ ।

## गुरुयोजना निर्माणतर्फ

- पशुपति क्षेत्रको बृहत् गुरूयोजना तयारी कार्य सम्पन्न भई नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत हुनुपूर्व सरोकारवालाहरूसँग पुनः छलफल भइरहेको ।
- पशुपति क्षेत्रका अधिग्रहण प्रभावित घरपरिवारहरूलाई पुनःस्थापना तथा स्थानान्तरण गर्ने गोठाटार स्थित करिब १०० रोपनी जग्गा व्यवस्थित गर्ने कार्य परामर्शको चरणमा रहेको ।




*पशुपति क्षेत्र विकास कोषले तत्कालीन र दिर्घकालीन रूपमा गर्नु पर्ने कामका बारेमा कोषका पदाधिकारी तथा कर्मचारीहरूलाई निर्देशन दिनुहुदैं माननीय मन्त्रीज्यू तथा सचिवज्यू*

## पुनर्निर्माणतर्फ

गुह्येश्वरी चौघेरा सत्तल पश्चिम खण्ड, मृगस्थली क्षेत्रका शिवालयहरू पुनर्निर्माण, किरातेश्वर सत्तल, लक्ष्मीनारायण सत्तल पुनर्निर्माण, निर्वाणेश्वर सत्तल तथा मन्दिर पुनर्निर्माण कार्य सम्पन्न । पुनर्निर्माण गर्नुपर्ने ९० ओटा सम्पदामध्ये हालसम्म ३७ ओटाको पुनर्निर्माण कार्य सम्पन्न भएको ।

गौशाला भुवनेश्वरी दर्शन मार्ग स्तरोन्नति (२५० मिटरमा प्रस्तरफलक छापिएको) कार्य सम्पन्न ।

वनकाली प्रहरी कार्यालय बिचमा सीमाङ्कन । विद्युतीय शवदाहगृहमा क्षमता विस्तार कार्य सम्झौता सम्पन्न ।

मृगस्थलीमा भूक्षय नियन्त्रण कार्य र जितजङ्गप्रकाशेश्वर मन्दिर प्राङ्गण संरक्षण कार्य सम्पन्न ।

सार्वजनिक शौचालय निर्माण तथा स्तरीकरण, जयवागेश्वरी सुन्धारा संरक्षण तथा वातावरण सुधार, सिफल घ्याम्पेपाटी जीर्णोद्धार । विभिन्न मन्दिरमा गजुर राख्ने कार्य अन्तिम चरणमा रहेको छ ।

सम्पदाहरू पुनर्निर्माणसम्बन्धी काम पुरातत्त्व विभागसँगको समन्वयमा भइरहेको छ ।

कैलाश उमाकुण्डमा घेरा पर्खाल तथा हरियाली प्रवर्धन, सार्वजनिक शौचालय निर्माण तथा स्तरीकरण कार्य सम्पन्न ।



# लुम्बिनी विकास कोष

विश्व सम्पदा सूचीमा सूचीकृत भगवान् गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनीको योजनाबद्ध विकास गरी यसलाई प्रमुख पर्यटकीय एवम् धार्मिक गन्तव्यका रूपमा विकास गर्न निरन्तर प्रयास जारी रहेको छ । यस सम्पदा स्थलमा संयुक्त राष्ट्र सङ्घसहितको पहलमा प्रा. केन्जो टाङ्गेद्वारा तयार गरी नेपाल सरकारले स्वीकृत गरेको लुम्बिनी गुरूयोजना कार्यान्वयनमा रहेको छ । सो गुरूयोजनाअनुसार हालसम्मको भौतिकतर्फको निर्माण कार्य प्रगति ८५ प्रतिशत रहेको छ । आ.व. २०७६/७७ मा यस कोषको भौतिक प्रगति ९५ प्रतिशत र वित्तीय प्रगति ९४ प्रतिशत रहेको छ ।



मायादेवी मन्दिर

लुम्बिनी क्षेत्रको बृहत्तर गुरूयोजनाको अवधारणा-पत्र तयार पार्ने कार्य सम्पन्न भएको ।

लुम्बिनी गुरूयोजनाअनुसार वाटर टावर र वाटर सप्लाई सिस्टम, केही क्यानल तथा पोखरीहरू, विभिन्न पहुँच मार्गहरू कालोपत्रे तथा ट्र्याक खोल्ने कार्य सम्पन्न भएको ।

पूर्वी र पश्चिमी विहार क्षेत्रभित्र बिजुली वितरण प्रणाली व्यवस्थित गर्ने कार्य सम्पन्न भएको ।

गुरूयोजनाका ४ ओटा विभिन्न स्थानमा ठुला डिस्प्ले स्क्रिनलगायत आइटीसम्बन्धी आधुनिक प्रविधिको विकास कार्य सम्पन्न भएको ।

सञ्चारअन्तर्गत समग्र गुरूयोजना क्षेत्रभित्र भूमिगत रूपमा अप्टिकल फाइवर बिच्छ्याउने कार्य, डाटा सेन्टर स्थापना, १७५ थान सीसीटिभि क्यामरा जडान कार्य सम्पन्न भएको ।

देवदहको भवन वरिपरि फेन्सिङ, पुरातात्त्विक क्षेत्रहरूमा सौन्दर्यीकरण, शौचालय निर्माण तथा अन्य आवश्यक स्थानमा तारबारलगायतका कार्यहरू ८० प्रतिशत सम्पन्न भएको ।

नेपाली सेनाको सहयोगमा ५ हजार फलफूलका बिरूवाहरू रोप्ने कार्य सम्पन्न भएको छ । गौतम बुद्ध फलफूल वाटिका निर्माण तथा सौन्दर्यीकरण गर्ने कार्य समग्रमा ६६ प्रतिशत सम्पन्न भएको छ ।

विद्युतीय सवारी साधनको चार्जिङ स्टेसन निर्माण कार्य सम्पन्न भएको ।

पाँच हजार जना क्षमताको अन्तर्राष्ट्रिय सभाहल तथा ध्यान केन्द्रको निर्माण ९०% सम्पन्न भएको ।

कोलोन्याड र सिम्बोलिक पेभिलियन निर्माण कार्य ८५ प्रतिशत सम्पन्न भएको ।

नेपालको राष्ट्रिय कानून एवम् विश्व सम्पदा प्रणालीअनुसार व्यवस्थापन गर्न सहज हुने गरी लुम्बिनी विश्व सम्पदा स्थलको एकीकृत व्यवस्थापन संरचना (Integrated Management Framework) तयार गरी स्वीकृतिका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश गरिएको ।



महिलावर चोकदेखि मायादेवी मन्दिर जाने करिब ८०० मिटर सडक स्तरोन्नतिको ८० प्रतिशत कार्य सम्पन्न भएको ।



रामग्राम क्षेत्रको गुरूयोजना निर्माण कार्य सम्पन्न भएको ।



५००० जना क्षमताको अन्तर्राष्ट्रिय सभाहल तथा ध्यान केन्द्रको सम्माननीय राष्ट्रपतिज्यूबाट भएको शिलान्यास कार्यक्रम



५००० जना क्षमताको अन्तर्राष्ट्रिय सभाहल तथा ध्यान केन्द्रको प्रस्तावित स्वरूप



५००० जना क्षमता भएको सभाहल निर्माण कार्य ९० प्रतिशत सम्पन्न भएको छ



केन्जो टाङ्गेद्वारा निर्मीत लुम्बिनी गुरुयोजना बमोजिमको क्षेत्र



मा. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यूको अध्यक्षतामा भएको लुम्बिनी विकास परिषद् बैठक

# भाषा आयोग




## आ.व. २०७६/७७ का प्रमुख कार्यक्रमहरु

| |
|---|
| सरकारी कामकाजको भाषा निर्धारणका आधार तयारी |
| वक्ता सङ्ख्या कम भएका तथा अन्य भाषाको संरक्षण संवर्धन तथा अभिलेखीकरण |
| भाषिक पुस्तान्तरणका लागि मातृभाषा कक्षा सञ्चालन |
| मातृभाषाको स्तर पहिचान |
| शिक्षामा मातृभाषाको प्रयोग सम्भाव्यता र नमुना विकास कार्यक्रम (अध्ययन, सर्वेक्षण र अनुसन्धान) |
| लोकवार्ता सङ्कलन |
| भाषा सर्वेक्षण तथा नक्साङ्कन (अध्ययन, सर्वेक्षण र अनुसन्धान) |
| आयोग र भाषासम्वन्धी श्रव्य दृश्य सामाग्री विकास तथा प्रसारण (अध्ययन, सर्वेक्षण र अनुसन्धान) |
| अन्तरभाषा प्रविधिको विकास |
| लिपिको अध्ययन |
| शास्त्रीय भाषाको अध्ययन |
| भाषासम्वन्धी शोध अनुसन्धान कार्य |

## प्रमुख उपलब्धिहरू

- सुदूर पश्चिम प्रदेशका चार जिल्ला डडेलधुरा, बझाङ, बैतडी र दार्चुला जिल्लाका ३८ स्थानीय तहका जनप्रतिनिधिहरू, कर्णाली प्रदेशका चार जिल्ला सल्यान, रूकुम पश्चिम, जाजरकोट र सुर्खेतका केही स्थानीय तह गरी २७ स्थानीय तहका जनप्रतिनिधिहरू तथा गण्डकी प्रदेशका चार जिल्ला पर्वत, बाग्लुङ, म्याग्दी र मुस्ताङका २८ स्थानीय तहका जनप्रतिनिधि र सो प्रदेशका विज्ञ समूह सम्मिलित प्रादेशिक गोष्ठी सम्पन्न गरी सरकारी कामकाजको भाषा निर्धारणका आधार सम्बन्धमा जनप्रतिनिधिहरूको अभिमत अभिलेखन गरेर प्रतिवेदन तयार गरिएको ।
- अभिलेखीकरण सम्बन्धी अध्ययन अनुसन्धानका लगि २७ ओटा भाषाहरूको छनोट गरिएको ।
- लुङ्खिम, मगही र चाम्लिङ गरी ३ ओटा भाषाको पाठ सङ्कलन गरिएको ।
- बज्जिका, शेर्पा, कोई, जिरेल, माझी, मगर (ढुट) र रानाथारू गरी ७ भाषाको भाषिक इतिहास लेखन गरिएको ।
- राजी, दुरा र डोट्याली गरी ३ भाषाको व्याकरण निर्माण गरिएको ।
- मार्फा थकाली भाषाको शब्दकोश निर्माण गरिएको ।
- मारेक याख्या भाषाको वर्णनिर्धारण गरिएको ।
- लुत्मि भाषाको वर्ण निर्धारण सत्यापन कार्य सम्पन्न भएको ।
- लोपोन्मुख वक्ताका लागि भाषिक वृत्ति २ जना वक्तालाई प्रदान गरिएको ।
- अध्ययन अनुसन्धानका अन्तिम प्रतिवेदनहरू छपाइका लागि मूल्याङ्कन र भाषा सम्पादन गरिएको ।
- अध्ययन अनुसन्धानका मस्यौदा प्रतिवेदन मूल्याङ्कनका प्रमुख आधारहरु निर्माण गरिएको ।
- भाषिक पुस्तान्तरणका लागि दोस्रो चरणको मातृभाषा कक्षा सञ्चालन गर्न ३ ओटा भाषा (कुसुन्डा, बराम र तिलुङ) छनोट गरी ३ ओटै भाषाहरूसँग सम्बन्धित सरोकारवालाहरूका लागि अभिमुखीकरण सम्पन्न गरिएको ।
- नेवारी, तामाङ, बज्जिका, सुनुवार, कुमाल र थारू गरी ६ ओटा भाषाका ६ ओटा स्थानीय तहहरूमा मातृभाषाको स्तर पहिचान, शिक्षामा मातृभाषाको प्रयोग सम्भाव्यता कार्यक्रम सञ्चालन र सम्पन्न गरिएको ।
- ४ ओटा प्रतिवेदनहरूको सारांश लेखन र सम्पादन गरिएको ।
- पाँचथरको फिदिम नगरपालिका र काभ्रेपलाञ्चोक जिल्लाको तेमाल गाउँपालिका गरी २ ओटा स्थानीय तहमा बहुभाषिक शिक्षा नमुना विकास सम्पन्न भएको ।
- लोकवार्ताका लागि ५ ओटा भाषा छनोट भएकोमा दरै र भुजेल गरी २ ओटा भाषाको लोकवार्ता सङ्कलन भई प्रकाशन भएको ।
- धुलिखेल न.पा. र खानीखोला गा.पा. काभ्रेपलाञ्चोक, खिजिदेम्वा गा.पा. ओखलढुङ्गा, रामनगार गा.पा. सर्लाही, राप्ती गा.पा. दाङ, र गोरखा न.पा. गोरखा, गरी ६ ओटा स्थानीय तहहरूमा भाषा सर्वेक्षण तथा नक्साङ्कन कार्यक्रम सञ्चालन र सम्पन्न भएको ।
- १३ ओटा भाषाहरूको भाषिक सन्देश सङ्कलन, प्रकाशन र सङ्गीत प्रविष्टि गरिएको ।
- विभिन्न २८ ओटा भाषाको विद्युतीय शब्दकोष निर्माण कार्यका लागि शब्द प्रविष्ट गर्ने कार्य सम्पन्न भइरहेको ।
- ब्राह्मी, कुटिला र गुप्त लिपिको अध्ययन गरिएको ।
- भोट, पाली र संस्कृत गरी ३ ओटा शास्त्रीय भाषाको अध्ययन गरिएको ।
- आयोगद्वारा अध्ययन अनुसन्धान गरी पहिचान भएका ६ ओटा (राना थारू, नार फु, चुम (स्यार), नुब्री (लार्के), पोइके, सेराके (सेके)) भाषाहरूको विस्तृत अध्ययन हुनुपर्ने र संवत् २०७८ को जनगणनाबाट समेत तिनको सत्यापन गर्नका लागि सिफारिस गरिएको ।
- भाषासम्बन्धी अध्ययन अनुसन्धान कार्य गर्ने नेपालका विश्वविद्यालयका ५ विद्यार्थीलाई अनुसन्धान वृत्ति प्रदान गरिएको ।

# राष्ट्रिय अभिलेखालय




*राष्ट्रिय अभिलेखालय दिवसको अवसरमा आयोजित कार्यक्रम*

राष्ट्रिय अभिलेखालयमा रहेका अभिलेखहरू क्याटालगसहित ५०,००० इमेजहरु डिजिटाइज्ड गरिएको ।

कुमारी चोकका ११,००० पाना ग्रन्थहरूको अवस्था हेरी आवश्यक भौतिक तथा रासायनिक संरक्षण गरी व्यवस्थित गरिएको ।

राष्ट्रिय अभिलेखालयमा रहेका ८ लाख Digital Image लाई Tagging गरी व्यवस्थित तरिका बाट Server मा राखिएको ।

ऐतिहासिक ग्रन्थ तथा दस्तावेजहरू रहेका माइक्रो फिल्ममा Acid formations का कारण बिग्रने अवस्थामा पुगेकाले ७०० ओटा माइक्रोफिल्म रिल Copy गरी नयाँ बनाएको ।

काठमाडौँ महानगरका वडा नं. १७ देखि ३२ सम्मका ६५० ओटा शिलापत्रहरूको विस्तृत विवरणसहितको सूची तयार गरिएको ।

नेपाली सेना, परराष्ट्र मन्त्रालय र नापी विभागको समन्वयमा नेपालको सीमा (लिपुलेक, लिम्पियाधुरा) सम्बन्धी कागजातहरूको खोजी गरी नेपाली सेना र परराष्ट्र मन्त्रालयमा उपलब्ध गराएको ।

गोरखापत्र संस्थानको समन्वयमा Cataloguing and Digitization कार्यक्रम सम्पन्न

# संस्कृति/पर्यटन क्षेत्रका अन्य प्रगतिहरु

- आदिवासी जनजातिहरूद्वारा सञ्चालित पर्यटनमा टेवा पुऱ्याउने होमस्टेलाई संस्कृतिको संरक्षण गरी व्यवस्थित पर्यटन व्यवसाय सञ्चालनका लागि गण्डकी प्रदेश अन्तर्गत रहेका जिल्लाहरूका होमस्टे सञ्चालकका लागि अभिमुखीकरण तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको ।
- दाङको घोराहीमा प्रदेश नं ५ भित्र रहेका १३ ओटा आदिवासी जनजातिहरूबाट ३ जनाका दरले ३९ जना अगुवाहरूलाई अमूर्त सांस्कृतिक सम्पदासम्बन्धी कानून र संरक्षण योजना सम्बन्धमा विषय विज्ञहरूमार्फत प्रशिक्षक प्रशिक्षण कार्यक्रम (TOT) सम्पन्न भएको ।
- धरानको दन्तकाली, जुम्लाको चन्दननाथ मन्दिरको धार्मिक वृत्तचित्र र नेपालका मुख्य-मुख्य होमस्टेहरूमा संस्कृति प्रवर्धन गर्ने सामाग्री उत्पादन गरी राष्ट्रिय टेलिभिजनमार्फत प्रसारण गरी प्रचार प्रसार गरिएको ।
- अनुसन्धानमूलक लेखहरू समावेश भएको "अमूर्त संस्कृति" नामक जर्नल प्रकाशन भएको ।
- १७ अक्टोबरका दिनलाई ICH (Intangible Cultural Heritage) DAY मनाउने कार्य सम्पन्न भएको ।
- सांस्कृतिक सम्पदाको विशेषता झल्कने गरी पाल्पाको रणउजेश्वरी भगवतीको वृत्तचित्र निर्माण सम्पन्न भएको ।
- SAARC Cultural center, Colombo सँग सहकार्य गरी सार्क हस्तकला मेला सम्पन्न भएको ।
- Beijing Treaty, WPPT, Rome convention सम्वन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।



इन्द्रजात्रा (तस्विरः सामाजिक सञ्जालबाट)



*नेपाल प्रज्ञा, सङ्गीत तथा नाट्य प्रज्ञा र ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति, उपकुलपति तथा परिषद सदस्यहरू एवम् सांस्कृतिक संस्थानका पदाधिकारीहरू संगको वैठक पश्चात लिइएको सामूहिक तस्विर*





प्रज्ञा भवन, कमलादी

# नेपाल प्रज्ञा-प्रतिष्ठान

- वर्तमान सङ्घीय संरचना अनुकूल नेपालका सातओटै प्रदेशको परिचयात्मक ग्रन्थ निर्माणका सन्दर्भमा 'नेपालको २ नं. प्रदेशको प्रादेशिक परिचयात्मक ग्रन्थ' निर्माण प्रक्रिया अन्तिम चरणमा रहेको ।
- 'नेपाली दर्शन' नामक ग्रन्थ निर्माण प्रक्रिया अन्तिम चरणमा रहेको ।
- नेपाल प्रज्ञा-प्रतिष्ठानको स्थापनाकालदेखि हालसम्म प्रकाशित तर पुनः प्रकाशन नभएर अप्राप्य अवस्थामा रहेका 'नेपाल निरूपण', 'नेपाल माहात्म्य', 'नेपालमा बौद्ध धर्म', 'नेपाली निघण्टु', 'भरतमुनिको नाट्यशास्त्र', 'अमरकोश', 'विश्वसाहित्यको रूपरेखा', 'आइए रिचर्ड्सको साहित्यिक सिद्धान्त', 'एरिस्टोटल र उनको काव्यशास्त्र', 'कौटलीय अर्थशास्त्र', 'जर्ज लुकासको साहित्य सिद्धान्त', 'नेपाली साहित्यको इतिहास', 'नेपाली साहित्यकोश', 'पाश्चात्य काव्यसिद्धान्त', 'पूर्वीय काव्यसिद्धान्त' लगायतका अत्यन्त उपयोगी र ऐतिहासिक महत्वका ४० ओटा पुराना पुस्तकहरु केही प्रकाशन भइसकेका र केही प्रकाशनको प्रक्रियामा रहेका ।
- 'नेपाली बृहत् शब्दकोश'को दसौँ संस्करणलाई परिमार्जित रूपमा पुनः प्रकाशन गरिसकिएको ।
- मित्रराष्ट्रहरूसँगको सांस्कृतिक सम्बन्धको स्थापना र विस्तारका लागि चीन र दक्षिण एसियाका समकक्षी एकेडेमीहरूका बिचमा समन्वय गरी काठमाडौँमा The 2nd China-south Asia Literature Forum-2019 भव्य रूपमा सम्पन्न गरिएको ।
- राष्ट्रिय गजल महोत्सव- २०७६ सम्पन्न ।
- राष्ट्रिय मातृभाषा कविता महोत्सव- २०७६ सम्पन्न ।

- विद्यमान ६४ हजारभन्दा बढी शब्दको 'नेपाली बृहत् शब्दकोश'लाई अद्यावधिक गरी १ लाख ५० हजार शब्दको 'प्रज्ञा नेपाली शब्दकोश'को निर्माण गरी प्रकाशन गर्ने प्रक्रिया प्रारम्भ भएको (यसमा मातृभाषाका प्रचलित शब्दहरु र नेपाली भाषाअन्तर्गतका विभिन्न भाषिकाका शब्दहरु समेत समाविष्ट हुने) ।
- नेपाली साहित्यका विराट् प्रतिभा महाकवि लक्ष्मीप्रसाद देवकोटाको परिवारका नाममा रहेको 'कविकुञ्ज'को घरजग्गालाई नेपाल सरकारको सहयोगबाट नेपाल प्रज्ञा-प्रतिष्ठानको नाममा ल्याएर 'महाकवि लक्ष्मीप्रसाद देवकोटा सङ्ग्रहालय' निर्माणको लागि डिपीआर तयार गरिएको ।
- प्रज्ञा-प्रतिष्ठानको स्थापनाकालदेखिका अभिलेखहरु र नेपाली वाङ्मयका विशिष्ट प्रतिभाहरूको जीवनी, व्यक्तित्व र कृतित्वसँग सम्बन्धित सामग्री रहने गरी प्रज्ञा-साहित्यिक सङ्ग्रहालयको निर्माण प्रारम्भ गरिएको ।
- वर्तमान सङ्घीय संरचनामा आइसकेपछिको गणतन्त्र नेपाललाई चिनाउने किसिमको बृहत् ग्रन्थको अभाव पूर्ति गर्न प्रादेशिक परिचयात्मक ग्रन्थ लेखन कार्यको प्रारम्भ । हरेक प्रदेशका सम्पूर्ण पक्षहरु समेटिएका एक एक ग्रन्थ र ती सबैको एउटा सिङ्गो रूप 'नेपाल दर्पण' तयार गरी त्यसलाई नेपाली र अङ्ग्रेजी दुवै भाषामा प्रकाशन गर्ने उद्देश्यअनुरूप प्रदेश नं २ बाट उक्त कार्य सम्पन्न हुन लागेको, अन्य प्रदेशको काम आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी थालनी भएको ।
- नेपालका सातै प्रदेशबाट नेपाली कविताको प्रादेशिक इतिहास लेखाउने कार्य भइरहेको ।
- नेपाली भूमिमा रहेका सबै जाति र संस्कृतिका लोकसाहित्य, मूर्त-अमूर्त कला र संस्कृतिसँग सम्बन्धित शब्दहरूको एकै ठाउँमा व्याख्या र विश्लेषणसहितको लोकवार्ताकोश निर्माणका लागि शब्दहरूको सङ्कलन र सम्पादन कार्य भइरहेको ।
- नेपाल प्रज्ञा-प्रतिष्ठानअन्तर्गत स्थापित प्रज्ञा पुरस्कारहरूलाई कायमै राखी गत वर्षदेखि निम्नलिखित तीनओटा नयाँ पुरस्कारहरु स्थापना गरिएका छन्:
  - **नेपाल प्रज्ञालङ्कार**: नेपालको गौरवलाई वाङ्मयका माध्यमबाट अन्तर्राष्ट्रिय स्तरमा विस्तार गर्न विशिष्ट योगदान गर्ने विदेशी नागरिकलाई प्रत्येक तीन वर्षमा प्रदान गर्ने गरी अमेरिकी ३००० डलर वा सो बराबरको नेपाली नगद राशिसहित प्रमाण-पत्र
  - **भानुप्रज्ञा अन्तरदेशीय नेपाली साहित्य पुरस्कार**: नेपालबाहिर रहेर नेपाली साहित्यमा विशिष्ट योगदान गर्ने नेपाली मूलका बरिष्ठतम साधकलाई प्रत्येक दुई वर्षमा प्रदान गर्ने गरी रू. २००,०००/– (रू. दुई लाख) नगद राशिसहित प्रमाण-पत्र
  - **नेपाल प्रज्ञा अनुवाद पुरस्कार**: भाषा, साहित्य, संस्कृति, दर्शनशास्त्र र सामाजिक शास्त्र विषयका ग्रन्थहरूलाई नेपाली भाषाबाट अन्य भाषामा र अन्य भाषाका ग्रन्थहरूलाई नेपाली भाषामा अनुवाद गरी विशिष्ट योगदान गरेका बरिष्ठतम साधकलाई प्रत्येक दुई वर्षमा प्रदान गर्ने गरी रू. २००,०००/– (रू. दुई लाख) नगद राशिसहित प्रमाण-पत्र
- २०७६ माघ ८ गते इजरायलको हिब्रु राइटर्स एसोसिएसनसँग दुई पक्षीय सांस्कृतिक सम्झौता गरिएको ।
- २०७२ सालमा आएको महाभूकम्पले क्षतविक्षत बनाएको प्रज्ञा भवनको प्रेक्षालयलगायत प्रशासनिक कक्षहरूको मर्मत गर्नुका साथै अत्यावश्यक पुन:संरचना कार्यसमेत गरेर आगामी ५० वर्षसम्मका लागि केही नहुने गरी सबलीकरण गर्ने काम सम्पन्न भएको ।

- मातृभाषाका शब्दकोश निर्माणअन्तर्गत यस आ.व.मा नेपालभाषा-नेपाली-अंग्रेजी शब्दकोश निर्माण प्रक्रिया प्रारम्भ गरिएको ।
- मातृभाषाका शब्दकोश निर्माणअन्तर्गत यस आ.व.मा रानाथारू-नेपाली-अंग्रेजी शब्दकोश निर्माण कार्य अन्तिम चरणमा रहेको ।



*नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा निर्मित 'नेपाली बृहत् शब्दकोश'को मोबाइल एप सार्वजनिकीकरण गर्नुहुदै सम्माननीय प्रधानमन्त्रीज्यू*




'नेपाली बृहत् शब्दकोश' को मोबाइल एप Android को Play store तथा IOS को APP store मा गई वा QR Code Scan गरी install गर्न सकिनेछ ।

# नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान

- राष्ट्रिय ललितकला प्रदर्शनी २०७७ अनलाइन प्रदर्शनी गरिएको ।
- 'उत्तम नेपाली: नेपाली कलाको बलियो स्तम्भ' नामक पुस्तक प्रकाशन गरिएको ।
- 'जुद्धकला पाठशाला' नामक पुस्तक प्रकाशन गरिएको ।
- A Book For Aritst and student drawing painting and compostion नामक पुस्तक प्रकाशन गरिएको ।
- राष्ट्रिय फोटोग्राफी प्रतियोगिता सम्पन्न गरिएको ।
- जुद्धकला पाठशाला नामक अनुसन्धानात्मक पुस्तक लेखका लागि सम्झौता गरिएको ।
- माल्दिभ्समा आयोजित सार्क आर्टिस्ट क्याम्प एण्ड प्रदर्शनीमा सदस्य सचिव सहित ५ सदस्यीय कलाकारहरूको सहभागिता रहेको ।
- मलेसियामा मूर्तिकला कार्यशालामा सहभागीता भएको ।
- नेपाली परम्परागत शिल्पकला विषयक विचार गोष्ठी-२०७६ काठमाडौमा सम्पन्न भएको ।
- थाङ्का/पौबा चित्रकला कार्यशाला तथा अनुभव र अनुभूति विषयक ६ दिने गोष्ठी दोलखा, चरिकोट मा सम्पन्न भएको ।
- चरिकोट दोलखामा सिर्जित थाङ्का पौबा चित्रकला प्रदर्शनी प्रतिष्ठानको कार्यालयमा सम्पन्न भएको ।
- परम्परागत शिल्पकलाका प्रसिद्ध कलाकारहरूका चित्रकला प्रदर्शनी शिल्पकला यात्रा-२०७६ जनकपुरधाम र सुनसरीको धरानमा सम्पन्न भएको ।







*माडी राष्ट्रिय प्रस्तर मूर्तिकला कार्यशाला २०७६*

# नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान




*नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा पुरस्कार समर्पण समारोह*

## मुख्य प्रगतिहरु

२०७६ साल असोज २ गते माननीय मन्त्री योगेश भट्टराईको प्रमुख आतिथ्यतामा सांस्कृतिक संस्थान-नाचघरमा) "सारङ्गीमा देश" कार्यक्रम सम्पन्न भएको ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको आयोजना तथा हिमाली सांस्कृतिक परिवारको सहकार्यमा पोखरामा २०७६ मंसिर २० र २१ गते दुई दिने बाजा सम्मेलनः 'गण्डकीका धुन' कार्यक्रम सम्पन्न भएको ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान, गण्डकी प्रदेश र राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान, कास्कीको सह-आयोजनामा प्रतिष्ठानका पूर्व कुलपति, प्राज्ञ एवम् वरिष्ठ साहित्यकार सरूभक्त श्रेष्ठज्यूको प्रमुख आतिथ्यमा पोखरामा २०७६ पौष ४ गते नेपाली लोक दोहोरी गीतको अवस्था एवम् परम्परा विषयक सङ्गोष्ठी सम्पन्न भएको ।

२९८ औँ पृथ्वी जयन्ती तथा नेपाल भ्रमण वर्ष - २०२० को अवसरमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले पौष २७ गते नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रेक्षालयमा "हाम्रो बाजाःहाम्रै धुन" वाद्यवृन्द कार्यक्रम सम्पन्न । माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराई ज्यूको प्रमुख आतिथ्यमा सम्पन्न भएको सो कार्यक्रममा नेपाली १६ ओटा मौलिक धुनहरू प्रस्तुत गरिएका । १७ जना सारङ्गी वादक तथा अन्य वाद्य वादक र कोरससमेत गरी करिब ४० जना कलाकारहरूले नेपालमा प्रचलित मौलिक धुनहरूलाई सारङ्गीमा रेटेर मञ्चमा प्रस्तुत गरेका ।

२०७६ माघ २ गते १२ दिने कार्यशालापछि तयार पारिएको नाटक हाफक्याबी मञ्चन सम्पन्न ।

२०७६ माघ ४ गते तनहुँ स्थित शुक्ला न.पा मा नेपाली लोकनृत्य क्षेत्रमा देखिएका चुनौती र समाधानका उपायहरू विषयक विचार गोष्ठी आयोजना भएको ।



नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार (२०७६) समर्पण समारोह

२०७६ माघ २९ गते नेपाली समाज रूपान्तरणमा नाटकको भूमिका र नेपाली नाट्य प्रस्तुतिको समकालीन धार विषयक विचार गोष्ठी तथा अन्तर्कृया कार्यक्रम सम्पन्न भएको ।

फाल्गुण ८ गते नेपाल प्रज्ञा-प्रतिष्ठानको लेखनाथ हलमा नृत्यकार शिवराम कासुलाले प्रतिपादन गर्नुभएको नृत्य लिपि विषयक विचार विमर्श कार्यक्रमको सम्पन्न भएको ।

विगतका वर्षहरूझैं यस वर्ष पनि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा पुरस्कार-२०७६ सङ्गीत, नाटक तथा नृत्य विधाका ६ जना वरिष्ठ साधकहरूलाई समर्पण गरेको ।

नेपाल ललितकला संस्थाको स्वामित्वमा रहेको जग्गामध्ये नेपाल सरकार (मन्त्रिषरिषद्) को निर्णयानुसारको पन्ध्र रोपनी जग्गा प्रतिष्ठानको नाममा नामसारी गरी ल्याइएको ।



नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार (२०७६) समर्पण समारोह

# सांस्कृतिक संस्थान




*अमूर्त सांस्कृतिक सम्पदा दिवसको अवसरमा आयोजित सांस्कृतिक कार्यक्रम*

## मुख्य प्रगतिहरु:

- नृत्य, गायन र बाद्यवादन कार्यशाला गोष्ठी गरिएको ।
- इलाम नाटक महोत्सव सम्पन्न भएको ।
- राष्ट्रिय एकता दिवसका अवसरमा सांस्कृतिक कार्यक्रम गरिएको ।
- वसन्त शास्त्रीय उत्सव सम्पन्न भएको ।
- नाटक प्रदर्शन (बौलाहा काजीको सपना) प्रदर्शन गरिएको, नयाँ नाटक प्रदर्शन जङ्गे पिलर मञ्चन गरिएको ।
- कोभिड-१९ को जनचेतनामुलक श्रव्य दृष्य सामग्री निर्माण भएको ।
- गाईजात्रा महोत्सव २०७६ सम्पन्न भएको ।
- सार्क हस्तकला प्रदर्शनी का अवसरमा सांस्कृतिक कार्यक्रम सम्पन्न भएको ।
- संविधान दिवसको अवसरमा विशेष झाँकी प्रदर्शन गरिएको ।
- चिनियाँ राष्ट्रिपतिको स्वागत तथा विदाईमा सांस्कृतिक कार्यक्रमहरू गरिएको ।
- अमृत सांस्कृतिक कला दिवसको अवसरमा सांस्कृतिक कार्यक्रम सम्पन्न भएको ।
- बङ्गलादेशी राष्ट्रपतिको स्वागत तथा विदाईमा सांस्कृतिक कार्यक्रम गरिएको ।
- वाद्य वन्दना कार्यक्रम सोह्रौं शृङ्खला, सुर साधना पन्ध्रौं शृङ्खला सम्पन्न भएको ।
- राष्ट्रिय एकल लोकनृत्य कार्यक्रम सम्पन्न भएको ।
- भ्रमण वर्ष २०२० को शुभारम्भमा सांस्कृतिक कार्यक्रम गरिएको ।

# राष्ट्रिय तथा प्रादेशिक प्रतिभा पुरस्कार

राजनीति, भाषा, साहित्य, कला, संस्कृति, इतिहास लगायतका विधा र क्षेत्रमा अनवरत रूपमा क्रियाशील विभिन्न स्रष्टाहरूको कदर र सम्मानका लागि स्थापित निम्न लिखित पुरस्कारहरूको पुरस्कार चयन समितिहरूको सिफारिसमा २०७६ सालको पुरस्कारको घोषणा गरी ४५ जना प्रतिभालाई पुरस्कार समर्पण गर्ने कार्यक्रम सम्पन्न भएको छ । प्रादेशिक प्रतिभा पुरस्कारको राशी रू. पचास हजार र अन्य सम्पूर्ण पुरस्कारहरूको राशि रू. एक लाख रहेको छ ।

| पुरस्कारको नाम | | विधा |
|---|---|---|
| राष्ट्रिय तथा प्रादेशिक प्रतिभा पुरस्कार (चार विधामा) |  | संस्कृति, सङ्गीत तथा नाट्य, ललितकला, भाषा साहित्य |
| महाकवि देवकोटा पुरस्कार (पाँच विधामा) |  | कविता, निबन्ध समालोचना, गद्याख्यान र नाटक, बालसाहित्य, लोकसाहित्य र भाषा-साहित्य |
| पुष्पलाल राष्ट्रिय पुरस्कार (तीन विधामा) |  | राजनीतिक र सैद्धान्तिक सेवा, इतिहास तथा साहित्य, संस्कृति र विज्ञान |
| भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार (तीन विधामा) |  | समाज सुधार, मानव अधिकार र सीप कला, शिक्षा, साहित्य, लेखन तथा अनुसन्धान |
| गोपाल प्रसाद रिमाल राष्ट्रिय पुरस्कार (तीन विधामा) |  | नेपाली भाषा साहित्य, कविता र नाटक |

# आ.व.२०७६/७७ मा पुरस्कार प्राप्त गर्नेहरूको नामावली

## संस्कृति विधातर्फ

### राष्ट्रिय प्रतिभा पुरस्कार :- श्री बुद्धिनारायण श्रेष्ठ, अनामनगर, काठमाडौँ

| क्र.सं. | प्रादेशिक प्रतिभा पुरस्कार | स्रष्टा वा संस्थाको नाम | ठेगाना |
|---|---|---|---|
| १ | १ नं. प्रदेश | श्री चन्द्रकुमार राई, हतुवाली | भोजपुर |
| २ | २ नं. प्रदेश | डा. रामसागर पण्डित | धनुषा,जनकपुर |
| ३ | वागमती प्रदेश | डा. गौतमबीर वज्राचार्य | ललितपुर |
| ४ | गण्डकी प्रदेश | प्रा. डा. ज्ञानबहादुर कार्की | स्याङ्जा |
| ५ | ५ नं. प्रदेश | श्री विक्रममणि त्रिपाठी | कपिलवस्तु |
| ६ | कर्णाली प्रदेश | श्री वासुदेव उपाध्याय | जुम्ला |
| ७ | सुदूरपश्चिम प्रदेश | श्री सुरतबहादुर शाह | धनगढी, कैलाली |




*पुरस्कार ग्रहण गर्नुहुदै इतिहास तथा सिमाविद् बुद्धिनारायण श्रेष्ठ*

## भाषा साहित्य विधातर्फ

### राष्ट्रिय प्रतिभा पुरस्कार - प्रा.डा. दयाराम श्रेष्ठ 'सम्भव',कुमारी क्लव, बल्खु-१४, काठमाडौँ

| क्र.सं. | प्रादेशिक प्रतिभा पुरस्कार | स्रष्टा वा संस्थाको नाम | ठेगाना |
|---|---|---|---|
| १ | १ नं. प्रदेश | श्री सुरेश हाचेकाली | खोटाङ् |
| २ | २ नं. प्रदेश | श्री नवराज रिजाल | बारा |
| ३ | वागमती प्रदेश | श्री गोपी मैनाली | काभ्रेपलाञ्चोक |
| ४ | गण्डकी प्रदेश | श्री तर्कना शर्मा | कास्की |
| ५ | ५ नं. प्रदेश | श्री श्रीधर पौडेल | दाङ् |
| ६ | कर्णाली प्रदेश | डा. ओमप्रकाश आचार्य | जुम्ला |
| ७ | सुदूरपश्चिम प्रदेश | श्री मिहीलाल उपाध्याय 'पुष्प' | धनगढी, कैलाली |

# ललितकला विधातर्फ

## राष्ट्रिय प्रतिभा पुरस्कार: श्री श्याम लाल श्रेष्ठ, काठमाडौं

| क्र.सं. | प्रादेशिक प्रतिभा पुरस्कार | स्रष्टा वा संस्थाको नाम | ठेगना |
|---|---|---|---|
| १ | १ नं. प्रदेश | श्री जीवनाथ पोखरेल | सुनसरी |
| २ | २ न. प्रदेश | श्री सरिता देबी मण्डल | धनुषा |
| ३ | वागमती प्रदेश | श्री चन्द्रश्याम डंगोल | ललितपुर |
| ४ | गण्डकी प्रदेश | श्री महेश आचार्य | स्याङ्जा |
| ५ | ५ न. प्रदेश | श्री सुमित्रा राना, सुत्पराई | गुल्मी |
| ६ | कर्णाली प्रदेश | श्री भिम बहादुर सिंह | कालीकोट |
| ७ | सुदूरपश्चिम प्रदेश | श्री रविन्द्र बहादुर चन्द | डोटी |

# संगित तथा नाट्य विधातर्फ

## राष्ट्रिय प्रतिभा पुरस्कार: श्री सत्य नारायण चौधरी, सिराहा

| क्र.सं. | प्रादेशिक प्रतिभा पुरस्कार | स्रष्टा वा संस्थाको नाम | ठेगाना |
|---|---|---|---|
| १ | १ नं. प्रदेश | श्री भरत गरूङ्ग | ताप्लेजुङ्ग |
| २ | २ नं. प्रदेश | श्री हिरा कुमारी दर्लामी | महोत्तरी |
| ३ | वागमती प्रदेश | श्री केशर कालीकोटे | रामेछाप |
| ४ | गण्डकी प्रदेश | श्री मन कुमार श्रेष्ठ | तनहु |
| ५ | ५ नं. प्रदेश | श्रीमती लक्ष्मी न्यौपाने | पाल्पा हाल रूपन्देही |
| ६ | कर्णाली प्रदेश | श्री कृपाराम शर्मा धमला | कालीकोट |
| ७ | सुदूरपश्चिम प्रदेश | श्री मनोहर राम दमाई | बैतडी |

## ख. २०७६ सालको पुष्पलाल राष्ट्रिय पुरस्कारका लागि छनोट हुनुभएका व्यक्ति वा संस्था

| क्र.सं. | पुरस्कारको विधा | पुरस्कार पाउने व्यक्ति वा संस्थाको नाम | ठेगाना |
|---|---|---|---|
| १. | राजनीतिक र सैद्धान्तिक | श्रीमती स्नेहलता गुरूवाचार्य वन श्रेष्ठ | पाटनढोका, ललितपुर |
| २. | इतिहास | डा. माधवराज (माधव) पन्थी | कपिलवस्तु |
| ३. | साहित्य, संस्कृति र विज्ञान | श्री राष्ट्रिय आविस्कार केन्द्र | कीर्तिपुर, काठमाडौं |

## ग. २०७६ सालको महाकवि देवकोटा पुरस्कारका लागि छनोट हुनुभएका व्यक्ति वा संस्था

| क्र.सं. | पुरस्कारको विधा | पुरस्कार पाउने व्यक्ति वा संस्थाको नाम | ठेगाना |
|---|---|---|---|
| १. | कविता | श्री मोहन सिटौला | आठराई, तेह्रथुम हाल काठमाडौं |
| २. | निबन्ध/समालोचना | प्रा. केशव सुवेदी | दाङ |
| ३. | गद्याख्यान/नाटक | श्री पद्मावती सिंह | काठमाडौं |
| ४. | बालसाहित्य/लोकसाहित्य | डा. मधुसूदन गिरी | दैलेख |
| ५. | भाषा-साहित्य | श्री भैरव रिसाल | भक्तपुर |




*पुरस्कार ग्रहण गर्नुहुदै वरिष्ठ पत्रकार तथा साहित्यकार भैरव रिसाल*

## घ. २०७६ सालको गोपाल प्रसाद रिमाल राष्ट्रिय पुरस्कारका लागि छनोट हुनुभएका व्यक्ति वा संस्था

| क्र.सं. | पुरस्कारको विधा | पुरस्कार पाउने व्यक्ति वा संस्थाको नाम | ठेगाना |
|---|---|---|---|
| १. | नाटक | प्रा.डा. अभि सुवेदी (अभि नारायण सुवेदी ) | तेह्रथुम |
| २. | कविता | प्रा. घनश्याम उपाध्याय कँडेल | धादिङ |

## ङ. २०७६ सालको भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कारका लागि छनोट हुनु भएका व्यक्ति वा संस्था

| क्र.सं. | पुरस्कारको विधा | पुरस्कार पाउने व्यक्ति वा संस्थाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | समाज सुधार अभियानतर्फ | श्री नवराज वि.क | जाजरकोट | मरणोपरान्त |
| २. | मानव अधिकारतर्फ | श्री त्रिभुवन चन्द्र वाग्ले | तनहुँ | |
| ३. | सिप कला, शिक्षा, साहित्य, लेखन तथा अनुसन्धानतर्फ | श्री तिलक परियार | बाँके | |

# विकास समितिहरुः


- बौद्ध दर्शन प्रवर्धन तथा गुम्बा विकास समिति


- पाथीभरा क्षेत्र विकास समिति


- बृहत्तर बराह क्षेत्र विकास समिति


- हलेसी महादेवस्थान विकास समिति


- तारागाउँ विकास समिति


- बौद्धनाथ क्षेत्र विकास समिति


- मनकामना क्षेत्र विकास समिति


- देवघाट क्षेत्र विकास समिति


- नेपाल पञ्चाङ्ग निर्णायक समिति


- नारायणहिटी दरबार सङ्ग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति

## बौद्ध दर्शन प्रवर्धन तथा गुम्बा विकास समिति

१. १५ जिल्लाका १९ ओटा गुम्बा/विहारहरूको मर्मत सम्भार गरिएको ।
२. ६ जिल्लाका ९ ओटा गुम्बा/विहारहरूको विस्तृत प्राविधिक प्रतिवेदन तयार भएको ।
३. लम्जुङ जिल्लामा सोरिग (आम्ची) तालिम सम्पन्न भएको ।
४. काभ्रेपलाञ्चोक जिल्लामा प्राचीन थाङ्का संरक्षण तालिम सम्पन्न भएको ।
५. काभ्रेपलाञ्चोक जिल्लामा प्राचीन मूर्ति संरक्षण तालिम सम्पन्न भएको ।
६. चितवन र मकवानपुर जिल्लामा गुम्बा व्यवस्थापन तालिम भएको ।
७. गोरखा र धादिङ जिल्लामा धर्मदेशना (प्रवचन) तालिम सम्पन्न भएको ।





## बृहत्तर बराहक्षेत्र विकास समिति

१. आध्य जगतगुरू किरातेश्वर महादेव मन्दिर निर्माण सम्पन्न ।
२. प्रथम जगतगुरू पिठ कम्पाउण्ड वाल निर्माण सम्पन्न ।
३. श्री राधाकृष्ण संस्कृत वेदविद्याश्रम कम्पापउण्ड वाल निर्माण सम्पन्न ।
४. श्री छेवाङ तासी छयोलिङ गुम्बा निर्माण सम्पन्न ।
५. श्री गीता ब्रम्ह चिन्तन हवन कुन्ड निर्माण सम्पन्न ।
६. बोलबम धर्मशाला तथा छिन्नमस्ता मन्दिर मर्मत सम्पन्न ।
७. राधाकृष्ण सिद्देश्वर महादेव मन्दिर मर्मत सम्पन्न ।
८. राधाकृष्ण मन्दिर, राधाकृष्ण शिव मन्दिर तथा बैकटेश मन्दिर निर्माण सम्पन्न ।
९. बराही भगवती मन्दिर तथा भवानीथान मन्दिर मर्मत सम्पन्न ।
१०. पेमादेन छयोलिङ गुम्बा भवन निर्माण सम्पन्न ।

## पाथीभरा क्षेत्र विकास समिति

१. पाथीभरा पदमार्गमा १९२ मि. ट्रस (छाना) निर्माण कार्य सम्पन्न ।
२. पाथीभरा तीर्थयात्री विश्राम गृह निर्माण कार्य सम्पन्न ।
३. पाथीभरा इन्सिनेरेटर निर्माण सम्पन्न ।
४. पाथीभरा तीर्थयात्री पदमार्ग १८० मि. निर्माण सम्पन्न ।
५. पाथीभरा गुराँसेमा खानेपानीको रिजर्भ ट्याङ्की निर्माण सम्पन्न ।
६. पाथीभरा गुरूयोजना निर्माण सम्पन्न ।
७. काफ्लेपाटीमा विश्राम स्थल निर्माण सम्पन्न भएको ।



## हलेसी महादेवस्थान विकास समिति

१. हलेसी वसाहा गुफा-रानीपोखरी-रिङ्वोटे १५५ मि. (चौडाइ ४ मि.) पदमार्ग निर्माण सम्पन्न ।

२. हलेसी मन्दिर मुल पुजास्थल शिवलिङ्ग संरक्षणका लागि चाँदीको (२.५ के.जि.) चतुर्भुज शिवलिङ्ग तयार गरी ढाक्ने कार्य सम्पन्न भएको ।

३. ककनी मन्दिर तथा भुमेश्वर पारूहाङ मन्दिर मर्मत कार्य सम्पन्न ।

४. दर्शनार्थीको जुत्ता चप्पल राख्ने ट्रष्ट घर निर्माण कार्य सम्पन्न ।

५. वसाहा गुफा अगाडि ढुँङ्गा विच्छ्याउने कार्य (१०० मि.) सम्पन्न ।

६. भ्रमण वर्ष २०२० प्रवर्धन तथा गुरू योजना निर्माण अध्ययन भ्रमण सम्पन्न ।



## तारा गाउँ विकास समिति

१. होमस्टे (घरबास) सम्बन्धी २५ मिनेट बराबरको डकुमेन्ट्री निमार्ण सम्पन्न ।

२. होमस्टे (घरबास) संचालन गर्न ईच्छुक ४८५ जना स्थानीयहरूलाई एक दिवसीय होमस्टे सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गरिएको ।

३. नमूना पर्यटन गन्तव्यस्थल विकासको लागि छनौट गरिएको बागमती प्रदेशको अयोध्यापुरी सामुदायिक होमस्टे, चितवन माडी र अनन्तलिङ्ग सामुदायिक होमस्टे लाँकुरी भन्ज्याङ्, भक्तपुरको सामुदायिक भवन निर्माणमा सहयोग गरिएको ।

४. होमस्टेको प्रभावकारीता अध्ययन सम्पन्न गरिएको ।

५. नगरकोट रिसोर्ट, ककनी रिर्सोट, पोखरा रिसोर्टको मर्मत सम्भार गरिएको ।

६. ६७३ जना होमस्टे सञ्चालकहरूलाई तोकिएको पाठ्यक्रम अनुसार विषयगत प्रशिक्षकहरू मार्फत ४ दिने होमस्टे (घरबास) सम्बन्धी आधारभूत तालिम कार्यक्रम सम्पन्न ।

७. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षित क्षेत्रको मध्यवर्ती क्षेत्र वरपर रहेका ४ स्थानमा होमस्टेको संभाव्यता अध्ययन कार्यक्रम सम्पन्न ।

८. सांस्कृतिक संग्राहलय स्थापनाका लागि माग भई आएका ७ स्थानका सामुदायिक होमस्टेमा सांस्कृतिक संग्राहलय स्थापना गर्न सहयोग प्रदान गरिएको ।



## बौद्धनाथ क्षेत्र विकास समिति




१. VISIT NEPAL 2020 प्रवर्धनका लागि Heritage Walk आयोजना गरिएको ।
२. वर्षौदेखि डुवानमा रहेको बौद्ध स्तूप फुलबारीबाट धाराटोल तर्फ ढल व्यवस्थापन कार्य गरिएको ।
३. बौद्ध परिसरमा विपद् व्यवस्थापनको लागि समितिद्वारा अग्नी नियन्त्रण संयन्त्र स्थापना गरिएको ।
४. काठमाडौं महानगरपालिका वडा नं. ६ बौद्ध महाँकालस्थित ज्ञात अज्ञात शहिद स्मृति उद्यानको सम्पूर्ण कार्य सम्पन्न भएको ।
५. बौद्धनाथ सडक स्थित बौद्धनाथ क्षेत्र विकास समितिको पुरानो भवन सडक विस्तारको भाग भत्काई पुनःनिर्माण कार्य सम्पन्न गरिएको।
६. समितिको सहयोगमा काठमाडौं महानगरपालिका वडा नं. ६ बौद्ध, आनन्दपुरमा ऐतिहासिक कुवा संरक्षण, ढुङ्गेधारा मर्मत गरी खानेपानीको व्यवस्थापन गरिएको ।
७. VISIT NEPAL 2020 को सन्दर्भमा बौद्ध स्तूप परिसरमा पर्यटन प्रहरी सहितको पर्यटन हेल्प डेक्स स्थापना र स्तूपमा रहेको रंगीन मूर्तिहरू मर्मत तथा रङ्गरोगन कार्य सम्पन्न ।



## मनकामना क्षेत्र विकास समिति

१. दर्शनार्थीहरूको जुत्ता चप्पल व्यवस्थापन कार्य गरिएको ।
२. दर्शनार्थीहरूको बहुमूल्य सामग्रीहरू राख्ने लकरको व्यवस्था गरिएको ।
३. दर्शनार्थीहरूको लागि स्नानघर तथा शौचालयको निर्माण कार्य शुरू गरिएको ।
४. पुजारी घरको निर्माण कार्य थालिएको ।
५. परेवाघर निर्माण कार्य थालिएको ।

## देवघाट क्षेत्र विकास समिति



१. वेनीसंगम वरिपरि ४०० मि. धार्मिक मार्ग निर्माण एवं स्तरोन्नती कार्य सम्पन्न भएको ।
२. पाँच सय वर्ष पुरानो मणि मुकुन्देश्वर धार्मिक उद्यान पार्क निर्माण एवं विस्तार कार्य सम्पन्न भएको ।
३. कार्यालय भवनमाथि ट्रष्ट राख्ने कार्य सम्पन्न भएको ।
४. हरिहर चोकदेखि महेशमार्गसम्म ढलान तथा नाला निर्माण (७० मि.) कार्य सम्पन्न भएको ।
५. देवघाट समाज कल्याण कम्पाउण्ड वाल (२०० फिट) निर्माण सम्पन्न भएको ।

# नेपाल पञ्चाङ्ग निर्णायक समिति



ज्योतिष प्रशिक्षण कार्यक्रम, २०७६

१. गृह मन्त्रालय र सूचना विभागलाई २०७७ सालको डेट प्याड प्रदान गरिएको ।
२. विभिन्न संघ-संस्थाहरूबाट माग भए अनुसार चाडपर्वहरूको साइत उपलब्ध गराएको ।
३. ज्योतिष तथा कर्मकाण्ड सम्वन्धी प्रशिक्षण सञ्चालन गरिएको ।
४. स्वीकृतिका लागि पेश भएका बिभिन्न पञ्चाङ्गहरूलाई अनुगमन गरी स्वीकृति प्रदान गरिएको ।
५. विभिन्न समयमा धर्मशास्त्र तथा ज्योतिषशास्त्रमा र चाडपर्वमा आएका विवादलाई विभिन्न गोष्ठी आयोजना गरी समाधान गरिएको ।
६. मौजुदा पञ्चाङ्ग गणना पद्दतिबाट गरिने ग्रहहरु तथा पञ्चाङ्ग र आकाशीय ग्रह नक्षत्रहरूको स्थितिमा भिन्नता देखिन थालेकोले सोबारे सिद्धान्त ज्योतिष विशेषज्ञहरूसंग छलफल गर्ने कामलाई निरन्तरता दिइएको । ग्रह गणनाका सूत्रहरूलाई सुधार गर्ने आधार तथा सूत्रहरु निर्माण गरिएको गरी अन्तिम निर्णय गरिएको ।
७. आगामी २०७८ साल देखि नेपाल सरकारकै नामबाट नेपाल राष्ट्रका लागि आवश्यक पञ्चाङ्ग प्रकाशन गर्न आवश्यक छलफल र पूर्वाधार तयार गरिएको ।
८. राष्ट्रलाई आवश्यक पर्ने विभिन्न मुहूर्तहरूको निर्णय तथा विभिन्न धर्म, जातजाती र सम्प्रदायका चाडपर्वहरूको निर्णय गरिएको ।

# नारायणहिटी दरबार संग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति



१. त्रिभुवन सदन पुननिर्माण सम्पन्न भएको ।
२. संग्रहालय रंगरोगन कार्य गरिएको ।
३. स्लेट छानो मर्मत कार्य सम्पन्न भएको ।
४. श्रीसदन प्रदर्शनीको लागि पूर्वतयारीको कार्य सम्पन्न भएको ।
५. फोहरा बगैंचा मर्मत कार्य सम्पन्न भएको ।
६. गौरी शंकरद्धार मर्मत कार्य सम्पन्न गरिएको ।
७. सडक बत्ती तथा शौचालय मर्मत कार्य सम्पन्न भएको ।



*अन्तर्राष्ट्रिय सम्बन्ध समितिको बैठकमा आफ्नो धारण राख्नुहुँदै पूर्व प्रधानमन्त्री माननीय माधवकुमार नेपालज्यू*

# संस्कृति क्षेत्रमा गरिएका नीतिगत सुधारका प्रयासहरु

प्रतिलिपि अधिकार ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक राष्ट्रिय सभामा पेश गरिएको ।

अभिलेख संरक्षण ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयक राष्ट्रिय सभामा पेश गरिएको ।

दृष्टिविहीन, दृष्टि क्षमता न्यून भएका वा मुद्रित वस्तु हेर्न असमर्थहरूका लागि प्रकाशित रचनासम्मको पहुँचलाई सहजीकरण गर्ने माराकेश सन्धि, २०१३ अनुमोदनका लागि संघीय संसदमा पेश गरिएको ।

प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को संसोधन प्रस्तावमा कानून मन्त्रालयमा परिमार्जन तथा राय/सहमतिको लागि पठाइएको ।






*पर्यटन सम्बन्धी योजना तर्जुमा सम्बन्धमा माननीयज्यूहरूसंग भएको छलफल*



तुलनात्मक लाभका दृष्टिले अग्रस्थानमा रहेको नेपालको पर्यटन क्षेत्र मुलुकको अर्थतन्त्रको एक प्रमुख आधार हो । समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा प्राप्त गर्ने रूपान्तरणका संवाहक पनि हो पर्यटन । विश्वमा एक आकर्षक पर्यटन गन्तव्यको रूपमा नेपाललाई विकास गर्न नयाँ पर्यटकीय गन्तव्यको पहिचान, विकास, विस्तार र प्रवर्धन गरी पर्यटकीय सेवालाई गुणस्तरीय बनाउने ध्येयका साथ पर्यटन पूर्वाधारहरूको निर्माण र प्रवर्धनात्मक कार्यक्रमहरू अगाडि बढाइएका छन् ।



*मन्त्रालय तथा मातहत निकायहरूको समन्वयात्मक व्यवस्थापन गोष्ठी*

## नीति तथा मुख्य कार्यक्रमहरुः

पर्यटकीय स्थलको विकास, पर्यटन पूर्वाधार निर्माण र पर्यटकीय सेवाको विविधीकरण एवम् स्तरोन्नति गरिनेछ । नेपाल एकीकरणका सिलसिलामा प्रयोग भएका ऐतिहासिक गढी, किल्ला र बाटोहरु संरक्षण गरी आकर्षक पर्यटकीय गन्तव्यको रुपमा एकीकरण मार्ग निर्माण गरिने

मुलुकको धरातलीय स्वरुपमा रहेको भिन्नतालाई पर्यटन प्रवर्धनमा उपयोग गरिनेछ । तराई-मधेश नजिकका महाभारत क्षेत्रका सम्भाव्य पर्यटकीय स्थानहरूलाई बिदा मनाउन उपयुक्त शीतल आवासको रुपमा विकास गरिने

उच्च आर्थिक वृद्धि, उत्पादक रोजगारी र आयको वितरणलाई तत्काल टेवा पुऱ्याउने प्रतिस्पर्धी क्षेत्रको रूपमा प्रचुर सम्भावना बोकेको पर्यटन क्षेत्रको विकासमा जोड दिने

नेपाललाई आकर्षक, सुरक्षित, मनोरम र साहसिक पर्यटन गन्तव्यको रूपमा विश्व बजारमा स्थापित गर्ने गरी नेपाल भ्रमण वर्ष - २०२० सञ्चालन गरिने । यसका लागि पर्यटकीय स्थलहरूको प्रचार प्रसार, पहिचान भएका गन्तव्यहरूको पूर्वाधार निर्माणमा तीव्रता र थप नयाँ पर्यटन गन्तव्यस्थलको पहिचान, विकास तथा प्रवर्धन गरिने




सगरमाथा उचाई मापनमा सहभागीहुने सर्भेयरहरूका लागि उच्च पर्वतारोहण तालिम कार्यक्रम

आन्तरिक पर्यटन प्रवर्धन गर्दै गुणस्तरीय र दिगो पर्यटन विकासमा जोड दिइने

हिमाली तथा पहाडी क्षेत्रमा पर्यटन प्रवर्धन, ढुवानी सेवा र यातायात साधनको रूपमा केवलकार प्रयोगलाई प्रोत्साहित गरिने

पर्वतीय पर्यटन, कृषि पर्यटन, ग्रामीण पर्यटन, जलयात्रा पर्यटन, पर्या-पर्यटन, धार्मिक-सांस्कृतिक पर्यटन, खेल पर्यटन तथा स्वास्थ्य पर्यटन जस्ता क्षेत्रलाई समेटेर एकीकृत पर्यटन विकास गरिने

सुदूरपश्चिमको दार्चुलादेखि पूर्वको ताप्लेजुङ जोड्ने हिमालयन हरित पदमार्ग रेखांकन गरी पूर्वाधार निर्माण सुरू गरिने

साहसिक पर्यटनका लागि विश्वको ध्यान आकृष्ट हुने गरी प्रचार प्रसार गरिनेछ । रारा क्षेत्रलाई राष्ट्रिय पर्यटन गन्तव्यको रूपमा विकास गरिने

मुलुकको भौगोलिक तथा जैविक विविधतालाई पर्यटन प्रवर्धनमा उपयोग गरिने । महाभारत क्षेत्रका सम्भाव्य पर्यटकीय स्थानहरूलाई बिदा मनाउन उपयुक्त शीतल आवासकारूपमा विकास गरिने । उपयुक्त स्थानमा नेपालमा भएका मुख्य धार्मिक स्थलहरूको आकृति झल्किने गरी धार्मिक पर्यटकीय स्थल निर्माण गरिने ।




Highest altitude fashion show held at Everest Base Camp

# पर्यटन पूर्वाधार

## १) पदमार्ग

- पूर्वदेखि पश्चिमसम्म नेपालको हिमाली क्षेत्र समेट्ने The Great Himalayan Trail (GHT) को रेखाङ्कन तथा पूर्वाधार निर्माणअन्तर्गत मकालु क्षेत्र ६ कि.मि., कन्चनजंगा क्षेत्र १० कि.मि., ढोरपाटन, सेफोक्सुण्डो क्षेत्र ५ कि.मि. तथा च्छोरोल्पा क्षेत्रमा १५ कि.मि. को निर्माण सम्पन्न भएको ।
- GHT अन्तर्गतको विभिन्न क्षेत्रको १२७ कि.मि. को DPR तयार भएको ।
- सोलुखुम्बु क्षेत्रमा ६ कि.मि. पदमार्ग तथा RCC Foot Bridge पुनर्निर्माण कार्य सम्पन्न ।
- धार्से-मनासलु १० कि.मि. पदमार्ग पुनर्निर्माण कार्य सम्पन्न भएको ।
- हेलम्बु - लाङटाङ पदमार्ग, खोर सोतली - च्छो-रोल्पा दोलखा क्षेत्र पदमार्ग निर्माण सम्पन्न ।
- फुलचोकी-नमोबुद्ध Advanture Cycling Rout निर्माण सम्पन्न भएको । रानीमहल पाल्पा-नुवाकोट Advanture Cycling Rout निर्माण कार्य ९० प्रतिशत सम्पन्न ।
- बुढानीलकण्ठ, शिवपुरी, गोसाईंकुण्ड, नुवाकोट, उत्तरगया, किस्पाङ, ठुलोगाउँ पदमार्गको प्रारम्भिक प्रतिवेदन तयारी भएको ।
- दोलखा-खारे, ढोरपाटन-रूकुम—डोल्पा बोर्डर (यार्सा ट्रेल): ५ कि.मि. का योजनाहरू सम्पन्न भएको, माईपोखरीदेखि सन्दकपुर सम्म पदमार्ग/विश्रामस्थलसहित ३ कि.मि. तथा गण्डकी प्रदेशको पञ्चासे क्षेत्रमा पदमार्ग/विश्रामस्थलसहित ३ कि.मि. पदमार्ग निर्माण सम्पन्न भएको ।

## २) नयाँ पर्यटन गन्तव्यको पहिचान

- देशैभरी पर्यटन गतिविधिहरूको विस्तार गर्न विकास गरिएको नमुना पर्यटन गन्तव्य अन्तर्गत निग्लिहवा र भादगाउँको ९५/९५ प्रतिशत, पन्चासे ९० प्रतिशत, सन्दकपुर, धनुषाधाम र इन्द्रसरोवरको ८५/८५ प्रतिशत तथा राराको ७० प्रतिशत भौतिक प्रगति सम्पन्न ।
- नेपालका सम्पूर्ण जिल्लाहरूको पर्यटकीय गन्तव्यहरू सहितको Provencial profile, प्रस्तुतीकरण सामग्री तथा Districtwise Itinerary तयार गरिएको ।
- १०० ओटा घोषित नयाँ गन्तव्यहरूमध्ये ७० ओटाको प्रोफाइल तयार भएको । बाँकी प्रोफाइल तयार गर्न सम्बन्धित स्थानीय तह तथा सरोकारवालाहरूसँगको सहकार्यमा तथ्याङ्क सङ्कलन कार्य जारी रहेको ।
- नमस्ते सेन्टर-ललितपुर महानगरपालिका परिषर, काठमाडौँको दरवार मार्गमा निर्माण सम्पन्न र हेटौडामा स्थापना तयारी भईरहेको साथै देशका अन्य वाँकी स्थानहरूको लागि स्थलगत सर्वेक्षण हुँदै ।

## ३) अन्य पर्यटन पूर्वाधार निर्माण

- प्रदेश २ को धनुषाधाम क्षेत्रको धनुष पोखरीको सौन्दर्यीकरण कार्य सम्पन्न ।
- वागमती प्रदेशको इन्द्रसरोवर क्षेत्रमा भ्यू टावर निर्माण कार्य सम्पन्न ।
- प्रदेश ५ को जगदिशपुर ताल वरपरको क्षेत्रमा १ कि.मि. फुटपाथ निर्माण सम्पन्न ।

- कर्णाली प्रदेशको रारा ताल क्षेत्रमा १०० मिटर काठे पुल तथा दुईओटा भ्यू डेक निर्माण सम्पन्न ।
- सुदूरपश्चिम प्रदेशको कैलाली भादागाउँस्थित जोगिनिया ताल वरपरको क्षेत्रमा थप १ कि.मि. फुटपाथ र एक स्थानमा भ्यु डेक निर्माण कार्य सम्पन्न ।
- रारा पर्यटन पूर्वाधार निर्माण डिपीआर बमोजिम प्रथम चरणको कार्य ७० प्रतिशत सम्पन्न ।
- कञ्चनपुरको राना थारू सङ्ग्रहालयको पूर्वाधार निर्माण कार्य गत आ.व. को ६०% बाट ७५% पुगेको ।
- चितवन जिल्लाको सौराहा र सोलुखुम्बुको लुक्लामा निर्माणाधीन पर्यटन सूचना केन्द्रको निर्माण कार्य क्रमशः ९० प्रतिशत सम्पन्न भएको ।
- मुक्तिनाथ मन्दिर तथा कागबेनीमा डिपीआर बमोजिमको पर्यटन पूर्वाधार निर्माण कार्य ६० प्रतिशत सम्पन्न भएको ।
- सहलेस दरबार पूर्वाधार निर्माण कार्य ९० प्रतिशत सम्पन्न ।
- तारे होटलको सङ्ख्या १२९ बाट १३८ पुगेको । पर्यटक स्तरका होटल यस आ.व. मा जम्मा २६ ओटा थप भई ११५१ पुगेको छ भने तारे होटल र पर्यटक स्तरका होटलहरूको कुल सङ्ख्या १२८९ पुगेको छ । होटलको बेड सङ्ख्या ४०८५६ बाट बृद्धि भई ४३९९९ पुगेको ।
- भक्तपुरमा पर्यटकका लागि रात्रीकालीन सम्पदा यात्रा शुभारम्भ भई सञ्चालनमा रहेको ।
- पर्यटनको विविधीकरणसम्बन्धी दुई दिने अन्तरनिकाय कार्यशाला २०७६ फागुन २९ र ३० गते सम्पन्न भएको; जसमा पूर्वाधार, हवाई, संस्कृति र पर्यटनसंग सम्बन्धित विषयगत समुहमा रहेर बृहत अन्तर्क्रिया गरी मन्त्रालय र सम्बद्ध निकायहरूको कार्यसम्पादन समीक्षा गरी आगामी तीन वर्षको लागि संस्थागत एवम् रणनीतिक कार्यक्रमको लागि मार्गदर्शन निर्माण गरिएको छ ।
- उक्त कार्यशालाबाट प्राप्त मार्गदर्शन बमोजिम मिति २०७६ चैत्र १ गते साते प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका मन्त्री र सचिवसहित ६ ओटै महानगरपालिकाका प्रतिनिधी, गाउँपालिका राष्ट्रिय महासंघ र नेपाल नगरपालिका संघका पदाधिकारी सम्मिलित संयुक्त कार्यशाला गोष्ठी सम्पन्न भएको थियो । उक्त कार्यशालाहरूबाट नयाँ पर्यटकीय पूर्वाधार निर्माण तथा पर्यटकीय उपज विकासमा साझेदारी कार्यक्रम मार्फत लगानीमा साझेदारी प्रतिफलमा हिस्सेदारी गर्ने गरी कार्यान्वयन ढाँचा तय गरिएको छ ।

*प्रदेश सरकारका पर्यटन मन्त्रीज्यूहरूसंग पर्यटन पूर्वाधार उपज विकासमा संघ, प्रदेश तथा स्थानीय सरकार बीचको साझेदारी सम्बन्धी छलफल कार्यक्रम*



# आ.व. २०७६/७७ मा स्थापित तथा नयाँ गन्तव्यहरुमा भएका पूर्वाधार विकास कार्यक्रमका केही झलकहरु



निर्माणाधीन यार्सा ट्रेल, रूकुम



पर्यटक सूचना केन्द्र, जनकपुर



रारा ताल क्षेत्र



निर्माणाधीन कञ्चनजङ्घा पदमार्ग



दोलखा-जिरी-चौरीखर्क सगरमाथा पदमार्ग



पर्यटक सूचना केन्द्र, लुक्ला



राना थारू सङ्ग्रहालय



खारे सोतली च्छो रोल्पा ट्रेल तथा पोर्टर हाउस



हलहले धनकुटा



पाचल झरना पर्यटन पदमार्ग, कालिकोट



तनहु कालिका



बागलुङ-भैरब स्थान



अमलटारी होमस्टे, नवलपुर



भक्तपुर-साँगा केराबारी



मदन आश्रित पार्क, दासढुङ्गा

# नेपाल पर्यटन बोर्ड

## सम्पन्न प्रमुख कार्यहरु

- नेपालमा आयोजना भएका अन्तर्राष्ट्रिय स्तरका २४ सभा, सम्मेलन, प्रोत्साहन तथा प्रदर्शनी (MICE) जस्ता कार्यक्रममा पर्यटन प्रवर्द्धनका सम्भावनाहरू पहिचान गरी सरेकारवालाहरूसंग सहकार्य गरिएको ।
- प्रकाशनतर्फ ट्राभलर्स इन्फरमेसन १४ भाषामा, बुकलेट ८ प्रकारका, ९ प्रकारका पोष्टर, २ प्रकारका नक्सा, २ प्रकारका व्याग, इनफोकस उत्पादन गरिएको थियो भने बितरण तर्फ विदेशस्थित ५० भन्दा बढी नियोग तथा जनसम्पर्क प्रतिनिधिलाई आवश्यकतानुसार यस्ता पर्यटन प्रवर्धनका सामाग्रीहरू वितरण गरिएको ।
- आर्थिक वर्ष २०७६/७७ मा देशको आन्तरिक पर्यटन प्रवर्द्धन गर्न सरकारी निकाय, पर्यटन सम्बद्ध संघसंस्थाहरू, पर्यटन व्यवसायीहरु र स्थानीय समुदायको सहयोग र सहकार्यमा झन्डै ५० ओटा पर्यटन गतिविधिहरू (Tourism Events) विभिन्न संघ-संस्थाको सहकार्यमा आयोजना गरिएको ।
- विभिन्न मुलुकमा आयोजना भएका २४ ओटा पर्यटन मेला मार्टहरूमा नेपालका निजी क्षेत्रका करिब २५० भन्दा बढी पर्यटन व्यवसायी कम्पनीहरूसहित तथा १३ ओटा प्रमुख शहरहरूमा सेल्स मिसन आयोजना गरी नेपालका निजी क्षेत्रका ८२ ओटा पर्यटन व्यवसायी कम्पनीहरूलाई सहभागी गराई नेपालको पर्यटन प्रवर्द्धन गरिएको । विभिन्न नेपाली दूतावास तथा कन्सुलरहरूसँगको सहकार्यमा विभिन्न मुलुकका ५ ओटा शहरहरू – (Tel Aviv - Israel, Nicosia- Cyprus, London – UK, Osaka & Tokyo –Japan) मा गन्तव्य प्रवर्धनका कार्यक्रमहरू सञ्चालन गरिएको ।
- नेपालमा ऐतिहासिक पर्यटनको विकास सम्बन्धमा नेपाली सेनासँगको सहकार्यमा गोरखादेखि काठमाडौँसम्मको एकीकरण पदमार्गको सम्भाव्यता अध्ययन सम्पन्न भएको । साथै नेपालका ऐतिहासिक गढीहरूको प्रोफाइल तयार गर्ने कार्य सम्पन्न भएको छ । नेपाली सेनासंगको सहकार्यमा सिन्धुली गढीको बृहत् गुरुयोजना निर्माण कार्य सम्पन्न भएको । पर्यटन क्षेत्रसँग आबद्ध सम्पूर्ण निजी क्षेत्रहरूको सहभागितामा Unification Trail सम्बन्धी बृहत गोष्ठी कार्यक्रममा मार्फत् नेपाली सेनासँगको सहकार्यमा गरिएको छ ।











*विभिन्न देशमा भएका नेपाल भ्रमण वर्ष-२०२० का प्रवर्द्धनात्मक कार्यक्रमहरु*

- रात्रिकालीन काठमाडौँ उपत्यका सम्पदा यात्रा संचालनअन्तर्गत भक्तपुर र ललितपुरमा सम्पदा यात्राको रूट पहिचान गरी आवश्यक तालिम सम्पन्न भएको र प्रवर्धनात्मक सामग्रीहरू तयार । भक्तपुरमा रात्रिकालिन यात्राको शुभारम्भ गरिएको ।
- विश्वका मुख्य ७ भाषामा (अङ्ग्रेजी, चाइनिज, स्पेनिस, फ्रेन्च, जर्मन, रसियन, जापानी) वेबसाईट तयार गरी सञ्चालनमा ल्याएको । हालसम्म १२७ जना इन्फ्ल्यून्सर, सञ्चारकर्मीहरूको परिचयात्मक भ्रमण सम्पन्न भएको । नयाँ गन्तव्यहरूसमेतको आकर्षणहरू झल्कने गरी १२ ओटा भिडियोहरू निर्माण ।
- भारत र चीन सहित प्रमुख १० ओटा श्रोत बजारहरूको पर्यटक आगमन प्रक्षेपण गरी आवश्यक प्रवर्धनका कार्यक्रमहरूको खाका तयार गरिएको । करिब ३३ ओटा प्रवर्धनात्मक कार्यक्रम तथा B2B Sales Mission हरू सम्पन्न ।
- Tourism Satellite Account तयार गर्ने सम्बन्धमा निर्देशक समिति र प्राविधिक समिति गठन गरी Stock Analysis कार्य सम्पन्न ।
- UNWTO मार्फत Technical Assistance का लागि UNDP सँग सम्झौता सम्पन्न गरी UNWTO को प्रथम mission (Evaluation of Statistical System of Nepal ) तथा दोश्रो mission (Sample and survey Design) सम्पन्न भएको ।
- जनवरी १ २०२० मा भ्रमण वर्षको समुद्घाटनका अवसरमा मित्रराष्ट्र भारत, चीन, जमैका, म्यान्मार, भुटान आदि देशका पर्यटन मन्त्रीसहितको उपस्थितिमा सम्माननीय प्रधानमन्त्री, माननीय पर्यटन मन्त्री तथा माननीय परराष्ट्र मन्त्री लगायत नेपाल सरकारका उच्च पदस्थ कर्मचारीहरू को उपस्थितिमा "Sustainable Tourism ThroughPreservation of Natural and Cultural heritage" भन्ने theme मा Ministerial Meeting सफलतापुर्बक आयोजना गरिएको ।
- NATHM सँगको सहकार्यमा तालिमको Schedule र Manual तयार भएको । ५२ जनालाई चिनियाँ भाषा, २५० जनालाइ Homestay र आतिथ्यता तालिम, ३०० जना पर्यटक सवारी चालकहरू तथा ५०० जना Street Food vendor हरूलाइ तालिम प्रदान गरिएको । काकडभिट्टामा ५५ जनालाई Capacity Ehnancement Training प्रदान गरिएको । NATHM संगको सहकार्यमा ९३२ जनालाई Tourist Behavioral Training प्रदान गरिएको । धरानमा ३६ जनालाई Women Enterpenureship Training प्रदान गरिएको । ६०० जनालाई पर्यटन क्षेत्र सुचारू गर्नका लागि पर्यटन व्यवसायी संगको सहकार्य मा Post Covid Tourism प्रोटोकल सम्बन्धी तालिम सम्पन्न गरिएको । कुल २८८५ जनालाई पर्यटनसँग सम्बन्धित तालिम प्रदान गरिएको ।



IMTM 2020 तेल अबिब, इजरायल (१२ फेब्रुअरी २०२०)


ITB 2019 बर्लिन, जर्मनी

# कोभिड-१९ प्रकोप पश्चात् नेपाल पर्यटन बोर्डले सम्पादन गरेका मूख्य कार्यहरु

- कोभिड-१९ को प्रकोप पश्चात् नेपाल पर्यटन बोर्डमा Crisis Communication and Management Unit को गठन गरिएको । हरेक दिनको Situation Update तयार गरिएको । Crisis Communication and Management Unit द्वारा Just In case Card, Mobile Hotline तथा Email मार्फत समस्यामा परेका पर्यटकहरूको गुनासो सङ्कलन गरी आवश्यक सहयोग गर्नको लागि सहजीकरण गरिएको । करिब ७५० ओटा इमेल तथा १५०० भन्दा बढी फोन Response गरिएको । साथै Stranded in Nepal नामक website सुरू गरी नेपालका विभिन्न ३३ जिल्लामा रहेका ६० देशका नागरिकहरूको खोजी, सम्पर्क स्थापना तथा उद्धार कार्य गरिएको ।
- नेपालभरका गन्तव्य/पदयात्रा मार्गहरूमा छरिएर रहेका पर्यटकहरूलाई सम्बन्धित राजदूतावास, स्थानीय तह र निजी क्षेत्रको समेत सहभागितामा उद्धार गरिएको । लुक्लाबाट ५२५ जना, पोखराबाट करिब ८८० जना तथा अन्य स्थानबाट करिब १,७२१ जना पर्यटकहरूलाई उद्धार कार्य गरी काठमाडौँ ल्याइएको । तत् पश्चात् पर्यटकहरूलाई आ–आफ्नो देश फर्कनका लागि Repatriation Flight सञ्चालन गर्न सहजीकरण गरिएको ।
- नेपालको प्रमुख स्रोत बजार भारतका पर्यटन व्यवसायीहरूसँग पुनः पर्यटन सुचारू गर्ने सम्बन्धमा सम्भाव्यता तथा आगामी कार्यदिशा तय गर्नको लागि Online Platform मार्फत अन्तर्क्रिया आयोजना गरिएको । उक्त सन्दर्भमा निम्नाअनुसार Webinar कार्यक्रमहरू आयोजना गरिएको
  - Webinar on Strategies and Challenges for Recovery through Domestic Tourism
  - Nepal's Tourism Resilience Series: Nepal's Tourism on Era of Covid 19
  - PATA Dream to Travel Webinar
- पर्यटन क्षेत्रको Health Hygiene and Sanitation Protocol (HHS Protocol) तयार गरी अनावरण गरिएको, पर्यटन सम्बन्धी विभिन्न संघसंस्था आबद्ध कर्मचारीहरूका लागि Health Hygiene and Sanitation Protocol (HHS Protocol) सम्बन्धी तालिम सम्पन्न ।



*कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा मातहतका कार्यालय प्रमुखहरू र विभागीय प्रमुखहरूसंगको बैठक*



*कोभिड-१९ (कोरोना भाइरस) सम्बन्धमा चीनका राजदूतसँग छलफल*



मेडिकल एयर कार्गो

- विश्वव्यापी महामारीको रूपमा फैलिएको COVID 19 का कारण पर्यटन रोजगारीमा परेको असर तथा जनशक्ति पलायन हुने खतरालाई मध्यनजर गर्दै UNDP सँग समन्वय गरी Short Term Job Retention Project सुरू गरिएको । IFC World Bank सँगको सहकार्यमा Crisis Communication Strategy and Plan for Tourism तयार गर्ने कार्य सुरू गरिएको ।
- COVID 19 सङ्क्रमण चीनमा सुरू भएपश्चात नेपाल पर्यटन बोर्ड, नेपाल भ्रमण वर्ष सचिवालय तथा निजी क्षेत्र समेतको सहभागितामा Task Force गठन गरी १२ ओटा पर्यटन स्रोत बजारहरूको अध्ययन गरिएको । नेपालको आन्तरिक पर्यटन बजारको अध्ययन गर्न तथा पर्यटकीय सम्पदाहरूको पहिचान तथा विकास गर्न नेपाल पर्यटन बोर्डका कर्मचारीहरूद्वारा हरेक जिल्लाको प्रोफाइल तथा Tour Itinerary तयार गरिएको ।



कोभिड-१९ पश्चात लकडाउनका कारण लुक्लामा फसेका विदेशी नागरिक हरूको उद्धार गरिदै



NATHM भवन, रवीभवन

# नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान

## मुख्य उपलव्धिहरु:

आ.व.२०७६/७७ मा स्नातक र स्नातकोत्तर तहमा गरी जम्मा ३१३ जना मध्यम तथा उच्चस्तरीय शैक्षिक जनशक्ति उत्पादन भएको ।

स्नातक र स्नातकोत्तर तहमा उच्चस्तरिय शैक्षिक जनशक्ति उत्पादन गर्न १५२३ जनाको अध्यापन कार्य यथावत संचालन गरिएको ।

पर्यटन र हस्पिटयालिटी क्षेत्रको लागि अवश्यक जनशक्ति उत्पादन गर्न ३१०९ जनालाई विभिन्न सिपमूलक तालिमहरू प्रदान गरिएको ।

प्रतिष्ठानबाट प्रथम पटक प्राज्ञिक एवं अनुसन्धानमूलक लेखहरूको संगालो Nepalese Journal of Hospitality and Tourism Management प्रकाशित गरिएको ।

आव २०७४/७५ सम्मको वेरूजु शतप्रतिशत फर्छ्यौट गरिएको ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको समन्वयमा विभिन्न मुलुकहरूमा Internship मा रहेका र कोभिड १९ को कारणले अप्ठयारोमा परेका BHM अध्ययनरत ९४ जना विद्यार्थीहरूलाई स्वदेश फिर्ता ल्याउने कार्य सम्पन्न भएको ।

पर्यटन क्षेत्रका सरोकारवाला संघ संस्था एवं शैक्षिक संस्थाहरूका करिव १५० जना प्रतिनिधिहरूको सहभागितामा प्रतिष्ठानको आयोजनामा प्रतिष्ठानमा Academia Industry Interface Tourism and Hospitality 2019 कार्यक्रमको सफल आयोजना भएको ।

प्रतिष्ठानको समेत आयोजनामा EUHOFA को ५८ औं कंग्रेस "Sustainable Himalaya Hospitality; Amalgamation of Nature, Culture and Adventure " भन्ने नाराकासाथ November 27, 2019 देखि December 1, 2019 नेपालमा सम्पन्न गरिएको ।

# नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान

## मुख्य प्रगतिहरुः

Master of Adventure Tourism Studies (MATS) को त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्रक्रिया पूरा गरी मिति २०७६ माघ १७ गते शुक्रबार माननीय मन्त्रीज्यूबाट समुद्घाटन कार्यक्रम सम्पन्न भएको ।

पहिलो पटक सञ्चालित यस कार्यक्रममा GMAT को परीक्षाका लागि ६७ जना विद्यार्थीले आवेदन दिएकोमा ५७ जना उत्तीर्ण भई प्रथम ब्याचमा ३५ जना अर्थात् शत प्रतिशत कोटामा विद्यार्थी भर्ना हुन सफल भई हाल अध्यापन सुचारू रहेको ।

ट्रेकिङ गाइड तालिम १२ औं देखि १९ औं ब्याचसम्म काठमाडौं, पोखरा, सोलुखुम्बु र सुर्खेतमा प्रयोगात्मक कक्षा समेतको तालिम सञ्चालन गरी ८८२ जनालाई प्रदान ।

नेपाल, स्विजरल्याण्ड र फ्रान्समा आयोजना गरिएको स्की तालिम ६० जनालाई प्रदान ।

सरकारी निकाय तथा विभिन्न संघसंस्थाहरूको अनुरोधमा भएको सम्पर्क अधिकृत र माउन्टेन सेक्युरिटी तालिम १८३ जनालाई प्रदान ।

व्यवस्थापन दक्षता तालिम ५० जना समेत कुल ११७५ जनाले तालिम प्राप्त गरेका ।

आरोहणको सिजनअर्न्तगत स्प्रिङ सिजनमा नेपालका प्रमुख आरोहण हुने हिमाल र पदमार्गहरूको मौषम पूर्वानुमान गरी आरोहण दल, सम्पर्क अधिकृत, आरोही, पदयात्री र सो सँग सम्बन्धित संघसंस्थाहरूलाई पठाइएको ।

*Master of Adventure Tourism Studies (MATS) को माननीय मन्त्रीज्यूबाट समुद्घाटन कार्यक्रम*





*नेपाल भ्रमण वर्ष - २०२० समुद्घाटन समारोह*

# नेपाल भ्रमण वर्ष - 2020

सन् २०२० मा कम्तीमा २० लाख पर्यटक भित्र्याउने लक्ष्यसहित नेपाल भ्रमण वर्ष - २०२० अभियान कार्यक्रम कार्यान्वयनमा ल्याइएकोमा विश्वव्यापी महामारी COVID -19 का कारण नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/१२/०९ को निर्णयबाट स्थगन गरिएको छ ।

कोभिड-१९ महामारीको असर पर्नुअगाडि नै भ्रमण वर्ष २०२० अभियानका लागि सचिवालय, आयोजक समिति र उप-समिति गठन भई केही महत्वपूर्ण कार्यहरू सम्पन्न भएका छन्; जसलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गरिएको छ ।




नेपाल भ्रमण वर्ष – २०२० समुद्घाटन समारोह

- सन् २०२० जनवरी १ का दिन सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूबाट काठमाडौंको दशरथ रंगशालामा समुदघाटन सम्पन्न भएको ।
- नेपाल भ्रमण वर्ष – २०२० को सम्बन्धमा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, विकास साझेदारहरू, विभिन्न देशका राजदूत तथा कूटनीतिक व्यक्तित्वहरू, निजी क्षेत्रलगायतका सरोकारवालाहरूसंग छलफल तथा अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न भएको ।
- हङकङ, मकाउ, जर्मनी, संयुक्त अधिराज्य, इजरायल, दक्षिण कोरिया, थाइल्याण्ड, म्यानमार र भारतमा नेपाल भ्रमण वर्ष – २०२० प्रचार प्रसारसंगै अभियानको Soft Launch गरिएको ।
- हङकङ र मकाउमा आयोजित नेपाल भ्रमण वर्ष – २०२० को उद्घाटन कार्यक्रममा पर्यटन भ्रमण दूत नियुक्त गरिएको ।
- संयुक्त अधिराज्य लण्डनको माथिल्लो सभा House या Lords मा भ्रमण वर्ष प्रवर्धनको कार्यक्रम आयोजना गरी विभिन्न प्रतिष्ठित व्यक्तित्वहरूलाई नेपाल भ्रमण वर्ष – २०२० को सदभावना दूत तथा हिमालयन अवार्डबाट सम्मानित गरिएको ।
- थाइल्याण्डको राजधानी बैंककमा दक्षिण पूर्वी एशिया तथा प्रशान्त क्षेत्रका राष्ट्रहरूका लागि नेपाली राजदूतहरूको सम्मेलन भएको । सोही प्रकृतिको सम्मेलन ओमनको राजधानी मस्कटमा समेत आयोजना गरिएको ।
- छठ पर्वको शुभकामना तथा नेपाल भ्रमण वर्ष – २०२० को प्रवर्धन कार्यक्रम जनकपुर, तिरहुतिया गाछीमा आयोजना भएको ।




नेपाल भ्रमण वर्ष – २०२० तथा छठपर्वको अवसरमा जनकपुरधाममा आयोजित कार्यक्रम








*Ministers' Conclave in presence of tourism ministers from different countries, January 1, 2020*

- नेपाल टेलिभिजन तथा सामाजिक सञ्जालमार्फत् नेपाल भ्रमण वर्ष - २०२० को सन्देशमूलक सामग्री प्रसारण गरिएको ।
- अष्ट्रेलिया तथा चीनका सञ्चारकर्मी, चलचित्रकर्मी तथा १२७ जना Influencers लाई नेपालमा परिचयात्मक भ्रमण गराएको ।
- नेपालमा रहेका प्रमुख शिवशक्ति पीठहरू समेटेर शिवशक्ति सर्किटको अवधारणा निर्माण गरी अध्ययन कार्य अगाडि बढाइएको ।
- करिब ३३ ओटा प्रवर्धनात्मक कार्यक्रमहरू भारतमा ५ ओटा, चीनमा एउटा र युरोपमा एउटा B2B Sales mission आयोजना गरिएको ।
- जापानी भाषामा समेत NTB Website सुरूवात भएको ।
- नयाँ गन्तव्यहरू आकर्षण झल्कने गरी ७ ओटा भिडियोहरू निर्माण भएको ।
- C-Trip को माध्यमवाट पर्यटन प्रवर्धन गरिएको ।
- BBC, CNN तथा अन्य अन्तर्राष्ट्रिय सञ्चार माध्यम मार्फत नेपालको पर्यटन प्रवर्धन कार्यका लागि आवश्यक कार्यविधिको मस्यौदा अन्तिम चरणमा रहेको ।

## विभिन्न देश/शहरहरूमा आयोजित नेपाल भ्रमण वर्ष - २०२० का प्रर्वद्धनात्मक कार्यक्रमहरू













- भारत र चीनसहित प्रमुख १० ओटा श्रोत बजारहरूको पर्यटक आगमन प्रक्षेपण गरी आवश्यक प्रवर्धनका कार्यक्रमहरूको खाका तयार गरिएको ।
- ललितपुर महानगरपालिका परिसर, काठमाडौँको दरवार मार्गमा नमस्ते सेन्टर निर्माण सम्पन्न गरिएको ।



*नेपाल भ्रमण वर्ष - २०२०को समुद्घाटन समारोहमा सहभागी हुन विभिन्न मुलुकबाट आउनुभएका पाहुनाहरूलाई स्वागत गर्दै*

## पर्यटन क्षेत्रमा गरिएका नीतिगत सुधारका प्रयासहरु

| |
|---|
| नयाँ पर्यटन विधेयक, २०७७ को मस्यौदामा मन्त्रालयगत सहमति लिई कानून मन्त्रालयमा परिमार्जन तथा राय/सहमतिका लागि पठाइएको । |
| पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका, २०७० मा संशोधन भएको । |
| पर्वतारोहण नियमावली र स्की नियमावली २०५९ तर्जुमा गरी कानून मन्त्रालयमा परिमार्जन तथा राय/सहमतिको लागि पठाईएको । |

# नेपाल वर्ष - २०२० को बारेमा काठमाडौँमा विदेशी कूटनीतिक मिसन र विकास साझेदारहरूसँग भेट
























Miss World 2019, Toni-Ann Singh को नेपाल भ्रमण



चिनिया कलाकार तथा सिलिब्रेटी Xu Qing (Summer Qing)
भ्रमण बर्ष २०२० को सदभावना दुत



पर्यटन सद्भावनादूतको प्रमाणपत्र प्रदान गर्नुहुदै
माननीय मन्त्रीज्यू - बेलायत



बेल्जियमकी राजकुमारीद्वारा
भक्तपुर दरबार स्क्वाएर भ्रमण



मा. मन्त्रीज्यूको उपस्थितिमा नेपाल भ्रमण बर्ष २०२०
को सन्दर्भमा संसदीय मैत्री समूहका संयोजक
माननीयहरूसँगको बैठक

# द्विपक्षीय सम्बन्ध विस्तारका कार्यहरु

नेपालको समग्र पर्यटन, हवाई तथा सांस्कृतिक क्षेत्रमा सहकार्यको सम्भावना बारे माननीय मन्त्रीज्यूबाट नेपालस्थित विदेशी नियोगका महामहिम राजदूतसंग सम्भावित सहकार्यको लागि छलफल गर्नुभयो । यसबाट द्विपक्षीय सम्बन्ध विस्तारका साथै समग्र क्षेत्रमा विकासका सम्भावनाहरू बारे थप बाटो खुलेको छ । केही झलकहरूः



*युरोपियन युनियनको प्रतिनिधि मण्डलका प्रमुख तथा राजदूत महामहिम Ms. Veronica CODY को विदाइ शिष्टाचार भेट*



*नेपालका लागि बेलायतका महामहिम राजदूत Ms. Nicola Pollitt संगको शिष्टाचार भेट*




*नेपालका लागि अष्ट्रेलियाका महामहिम राजदूत Mr. Peter Budd संगको शिष्टाचार भेट*



*नेपालका लागि जापानका महामहिम राजदूत Mr. Masamichi Saigo संगको शिष्टाचार भेट*



*नेपालका लागि श्रीलंकाका महामहिम राजदूत H.E.Ms. Himalee Arunatilaka संगको शिष्टाचार भेट*



*जर्मन Economic Cooperation and Development का Parliamentarian State Secretary Mr. Norbert Barthle संगको शिष्टाचार भेट*



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल

## नागरिक उड्डयन क्षेत्रः

- नागरिक उड्डयन महाशाखा
- नेपाल नागरिक उड्डयन प्राधिकरण
- नेपाल वायुसेवा निगम

नागरिक उड्डयन सेवालाई थप गुणस्तरीय, सुरक्षित, विश्वसनीय र सर्वसुलभ बनाई सेवा प्रवाह गर्न विमानस्थलमा प्रविधि, जनशक्ति तथा व्यवस्थापकीय कार्यहरूमा उल्लेख्य सुधार आवश्यक रहेको छ । नेपालमा विमानस्थलहरूको कुल सङ्ख्या ५४ रहेको छ; जसमा ३५ ओटा विमानस्थलहरूको धावनमार्ग पक्की रहेको छ । यी मध्ये ३२ ओटा विमानस्थल सञ्चालनमा रहेका छन् । हाल मुलुकमा एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल रहेको छ र दुईओटा थप अन्तर्राष्ट्रिय विमानस्थलहरू गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणाधीन छन् । नेपालले द्विपक्षीय हवाई सेवा सम्झौता तथा समझदारी-पत्रमा हस्ताक्षर गरेका मुलुकको सङ्ख्या ४० पुगेको छ । अन्तर्राष्ट्रिय उडान तर्फ ३ ओटा नेपाली वायुसेवा र २७ ओटा विदेशी वायुसेवा गरी ३० ओटा वायुसेवाले १५ मुलुकका ३२ ओटा गन्तव्यमा उडान सञ्चालन गरिरहेका छन् ।




*ICAO को General Assembly Canada मा भाग लिनुहुदै मा. मन्त्रीज्यू र नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक*

# नीति तथा कार्यक्रमहरु

निर्माणाधीन गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको बाँकी कार्य सम्पन्न गरी सन् २०१९ भित्रै सञ्चालनमा ल्याइने छ ।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सन् २०२१ को सुरुदेखि सञ्चालन गर्ने गरी निर्माण कार्यमा तीव्रता दिइने छ ।

निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य शीघ्र प्रारम्भ गरिने छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल चौवीसै घण्टा सञ्चालन हुने व्यवस्था मिलाइनेछ । मौलिक परम्परा र संस्कृति झल्कने गरी यस विमानस्थललाई बुटिक अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा रूपान्तरण गरिने छ ।

उपत्यका नजिकको उपयुक्त स्थानमा आन्तरिक विमानस्थल निर्माण गरिने छ ।

तेह्रथुमको चुहानडाँडालगायत हवाई सुविधा नपुगेका सम्भाव्य स्थानमा विमानस्थल निर्माण गरिने छ ।

गुणस्तरीय पर्यटक भित्र्याउन निजी क्षेत्रसँगको सहकार्यमा सेवाको गुणस्तर वृद्धि गरिने छ । पर्यटक उद्गम हुने देशसँग थप हवाई सेवा सम्झौता गरिने छ । नयाँ हवाई प्रवेश बिन्दुहरु र तदनुरूप नयाँ हवाई मार्ग प्रयोगका लागि छिमेकी राष्ट्रहरूसँग समझदारी एवम् सम्झौता गरिने छ ।




*सगरमाथा सम्मेलनमा सफलतापूर्वक फहराइएको ICAO को ७५ औं वार्षिकोत्सवको झण्डा, सम्माननीय प्रधानमन्त्रीज्यूको उपस्थितिमा अन्तर्राष्ट्रिय नागरिक उड्डयन संघका अध्यक्षलाई हस्तान्तरण गर्नुहुदै माननीय मन्त्रीज्यू*




लुक्ला विमानस्थल

गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको पहिलो चरणको कार्य आगामी वर्ष सम्पन्न गरी अन्तर्राष्ट्रिय उडान संचालन गर्ने

आन्तरिक आबद्धता बढाउन, आवागमनलाई सहज गर्न तथा आन्तरिक र बाह्य पर्यटन क्षेत्रको विकास गर्न सुरक्षित, नियमित, विश्वसनीय र गुणस्तरीय हवाई पूर्वाधारलाई प्राथमिकता दिइने छ ।

विराटनगर, जनकपुर, सिमरा, नेपालगञ्ज, दाङ, धनगढीलगायतका विमानस्थलहरूको स्तरोन्नति गरी ठुला विमान अवतरण गर्न सक्ने बनाइने छ ।

सुर्खेतमा नयाँ विमानस्थल निर्माणका लागि सम्भाव्यता अध्ययन गरिने छ ।

गोकुलेश्वर, कमलबजार, स्वर्गद्वारी र चुहानडाँडा लगायतका स्थानहरूमा विमानस्थल निर्माणको कार्य अघि बढाइने छ ।

रात्रि उडानको सुविधा नभएका आन्तरिक विमानस्थलहरूमा पूर्वाधार निर्माण गरी रात्रिकालीन उडान सुरू गरिने छ ।



## गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल

काठमाडौँ उपत्यका बाहिरको पहिलो अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा निर्माणाधीन यस विमानस्थलका आ.व. २०७६/७७ को भौतिक प्रगति ८५ प्रतिशत र वित्तिय प्रगति ४९ प्रतिशत रहेको छ । समग्र आयोजनाको ९१ प्रतिशत कार्य सम्पन्न भइसकेको छ । चालु मुआब्जा वितरणतर्फ लागत अनुमान करिब २३ अर्ब ५९ करोडमध्ये २१ अर्ब ४६ करोड भुक्तानी भइसकेको छ । सन् २०२० को डिसेम्वर सम्ममा सम्पन्न गर्ने लक्ष्यसहित निर्माण कार्य अगाडि बढिरहेको छ । ३००० मिटर लम्बाइको धावन मार्ग, ट्याक्सी-वे एवम् एप्रोनको सिभिल निर्माणतर्फको कार्य सम्पन्न भई विद्युतिकरण र CNS उपकरण जडानसम्बन्धी कार्य चालु रहेको छ ।

- Runway, Taxiway, Apron को निर्माण कार्य सम्पन्न ।
- अन्तर्राष्ट्रिय टर्मिनल भवन, प्रशासनिक भवन एवम् कन्ट्रोल टावर सम्बन्धी कार्यको संरचना निर्माण तर्फको कार्य सम्पन्न भई हाल उपकरण जडान एवम् फिनिसिङ्ग सम्बन्धी कार्य चालु ।
- फायर भवन, भित्री तारबार एवम् नाला बनाउने कार्यहरू अन्तिम चरणमा ।
- धावन मार्ग र जहाज पार्किङ्ग क्षेत्र जोड्ने Link taxiway को निर्माण कार्य सम्पन्न भएको ।
- टर्मिनल भवनमा Air Conditioning एवम् अन्य उपकरण जडान तथा Marble, Tiles, Aluminium एवम् रङ्ग रोगन सम्वन्धी कार्य, धावन मार्गमा विद्युतीय कार्यका लागि आवश्यक पूर्वाधारसम्वन्धी कार्य भइरहेको ।
- विमानस्थल आयोजना IT Building उत्तर तर्फ कार पार्किङ्ग एरियामा कालोपत्रे गर्ने काम सम्पन्न ।
- कार पार्किङ्ग स्ट्रिट लाईट केवल Layout कार्य सम्पन्न ।
- IT Building देखि प्रशासनिक भवन, सेक्युरिटी भवन, Domestic कार पार्किङ्गको उत्तरसम्म ह्युम पाईप Layout कार्य सम्पन्न ।
- सञ्चार उपकरणतर्फ VOR/DME तथा अन्य उपकरणहरू Installation कार्यका लागि पूर्वाधार तयारको काम अन्तिम चरणमा ।
